अन्तिम लेखापरीक्षण प्रतिवेदन

तिनपाटन गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation
and
the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७

च.नं : ७७७

श्री तिनपाटन गाउँपालीका,

सिन्धुली ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्या: २०७६।०७७ मिति : २०७६।०३।२५

च.नं : ९२४

श्री प्रमुखज्यू,

तिनपाटन गाउँपालिका,

सिन्धुली ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले तिनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ७० लाख २५ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४३ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.२८ लाख ४९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ९८ लाख ३३ हजार र पेश्की रु. १६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना एकतीस (३१) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यकारिणी, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी : वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्यगल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)

नायव महालेखापरीक्षक

तीनपाटन गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५/७६

निकायको परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाँउपालीकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाँउपालीकाको मुख्य उद्देश्य रहेको छ। वागमती प्रदेशमा अवस्थित यो गाँउपालिका अर्न्तगत वडा संख्या ११, गाउँसभा सदस्य ५७, क्षेत्रफल २८०.५ वर्ग की.मी. र जनसंख्या ३६४०५ रहेको छ।

स्थानीय सञ्चितकोष – आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :–

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**	३३५६७११७.२९	१	गाउँपालिका चालु	५९३९६६२७.७८
	क) बैंक मौज्दात	३१४७६६६८.२९	२	केन्द्रीय सशर्त अनुदान	२३९७४८७४७.१४
	ख)साना सिचाइ सोझै भुक्तानीको मौज्दात	२०९०४४९.००	३	गाउँपालिका पुँजीगत	१८५००४२४६.७२
	ग) धरौटी	५३०५५०.००	४	आन्तरिक पुँजीगत	
	ङ) दैवीक प्रकोप उद्धार विशेष कोष	१३६५१५०.००	५	राजस्व बाँडफाड संघ पठाईएको	
	झ) कर्मचारी कल्याण कोष	३७०६२६.००	६	स्थानीय पूर्वाधार विकास	८६९७४८८.००
२	**आन्तरिक आय**	६६६४२५९.२०	७	प्रधानमन्त्री रोजगार कार्यक्रम	४२१८७०७.१७
	क) सम्पत्ती कर		८	जेष्ठ नागरिक र सामाजिक सुरक्षा	५५४१७८००.००
	ख)घर बहाल कर	६९०१०.००	९	एल.जी.सी.डि.पि.	३०५०००.००
	ग) सेवा शुल्क	२९३०००.००	१०	दैवी प्रकोप उद्धार विशेष कोष	७५६७४५.००
	घ) व्यक्तिगत घटना दर्ता दस्तुर	१३५९७८५.००	११	एम्बुलेन्स खरिद	
	ङ) विज्ञापन कर		१२	प्रदेश सशर्त अनुदान	२०१२९३७८.००
	च) व्यवसाय दर्ता तथा नवीकरण दस्तुर		१३	प्रदेश समपुरक अनुदान	
	छ) भुमी तथा मालपोत कर	२३९४७१०.००	१४	आन्तरिक आयतर्फ प्रदेश पठाईएको	
	ज) सरकारी सम्पत्तिको बहाल	६०८४६९.००			
	झ) बहाल विटौरी	३०९७३५.००	१५	**मू.अ.कर दाखिला**	
	ञ) सिफारिस दस्तुर	५६९८६५.०६	१६	**झोलुंगे पुल**	११९०७०१.००
	ट) अन्य कर	३०९७३५.००	१७	**धरौटी फिर्ता**	१०६२५००.००
	ठ) दहत्तरबहत्तर शुल्क	७५००००.००	१८	**पर्यटन प्रवर्द्धन कोष खाता खर्च**	
३	**वित्तीय हस्तान्तरण संघ**	४४३९६८७७२.०६	१९	**को.ले.नि.का.मा निकासा फिर्ता**	
	क) वित्तीय समानीकरण अनुदान	११९८०००००.००		क) जेष्ठ नागरिक र सामाजिक सुरक्षा	२५१२००.००
	ख) सशर्त अनुदान	२४१२०६०००.००		ख) सशर्त अनुदान	१०२५७६३४.००
	ग)साना सिचाइ सोझै भुक्तानी	६७०९९३२.३६		ग) प्रधानमन्त्री रोजगार कार्यक्रम	
	घ) राजस्व बाँडफाँड	७६२५२८३९.७०		घ) झोलूंगेपुल	
४	**प्रदेश सरकारबाट अनुदान**	५९७९९००४.२०		ङ) दैवीक प्रकोप उद्धार विशेष कोष	
	क) वित्तीय समानीकरण अनुदान	८२१००००.००		च) स्थानीय पूर्वाधार विकास	२५१२.००
	ख) सशर्त अनुदान	२०२८००००.००			
	ग) समपुरक	९९५००००.००			
	घ) एम्बुलेन्स खरिद		२०	**बैंक मौन्दात**	
	ङ) राजस्व बाँडफाँड(सवारी साधन कर)	२१३५९००४.२०		क) संचित कोष खाता	२९३११८९७.११
५	**स्थानीय पूर्वाधार विकास**	८७००००००.००		**ख) आन्तरिक आम्दानी खाता**	

६	**प्रधानमन्त्री रोजगार कार्यक्रम**	४२१८७०७.१७		**ग) चालु खर्च खाता**	
७	**एल.जि.सी.डी.पी.**	३०५०००.००		घ) पुजिगत खर्च खाता	
८	**जेष्ठ नागरिक र सामाजिक सुरक्षा**	५५६६९०००.००		ङ) धरौटी खाता	२२४६८६१.००
९	**झोलुगें पुल**	११९०७०१.००		च) प्रदेश शशर्त	१५०६२२.००
१०	**प्रभावित क्षेत्र विकास**			छ) दैवीक प्रकोप उद्धार विशेष कोष	१७०८४०५.००
११	**धरौटी**	२७७८८११.००		झ) कर्मचारी कल्याण कोष	५८६५११.००
१२	**विविध कोषतर्फको आम्दानी**				
	क) महिला तथा बालबालिका विशेष कोष				
	ख) कृषि विकास कोष				
	ग) दैवी प्रकोप उद्धार विशेष कोष	११०००००.००			
	च) कर्मचारी कल्याण कोष	२१५८८५.००			
	जम्मा	**६२०४४३५८२.९२**		**जम्मा**	**६२०४४३५८२.९२**

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
१.	**वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्ष श्रावण १ गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै नगरपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । गाउँपालिकाको आर्थिक विवरणको विश्लेषण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् : ● स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा कार्यक्रमको प्राथमिकरण गरेको देखिएन । ● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा पालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भए बमोजिमको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । ● गाउँपालिकाले आ.व.२०७५।०७६को आर्थिक विवरण र खर्चको फाँटवारीमा खर्च शीर्षकगत बजेट वर्गीकरण गरेको देखिएन । खर्च शिर्षकगत बजेट वर्गीकरण नगर्दा कुन खर्च शिर्षकमा कति रकम खर्च भयो भन्ने एकिन गर्न सकिएन गाउँपालिकाले तोकिएको ढाँचामा आर्थिक विवरणहरु तयार पार्ने र खर्च शिर्षकगत बजेट बर्गीकरण गरी खर्च लेखांकन गर्नुपर्दछ । ● गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा कार्यालयले आर्थिक वर्षको अन्त अर्थात् २०७६ आषाढ महिनाको कारोबारमा मात्र SUTRA प्रयोग गरी कारोबार लेखांकन गरेका कारण सबै कारोबारको एकीकृत प्रतिवेदन तयार भएको छैन । साथै आर्थिक कारोबार गरेको मिति अनुसार गोश्वारा भौचरको सिलसिलेवार नम्बर पनि मिलेको छैन । तोकिए बमोजिमको लेखांकन सफ्टवयेर प्रयोग गरी आर्थिक वर्षभरिको कारोबारको एकीकृत प्रतिवेदन तयार पारी वित्तीय विवरणको शुद्धता कायम गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
२.	**आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् । ● कार्यालयले यो वर्ष पुँजीगत कार्यक्रम तर्फ कुल रु. २१ करोड २५ लाख ५५ हजारको खरिद कारवाही गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम बार्षिक खरिद योजना तयार गरेको देखिएन । ● गाउँपालिकाको जिन्सी सामानको एकीकृत विवरणमा कतिपय जिन्सी समानहरुको सहायक जिन्सी खातामा प्रविष्टि बेगर वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखाईएको छ भने मूल जिन्सी खाता अध्यावधिक गरेको देखिएन । ● कार्यालयले कार्यक्रमगत तथा योजनागत खाता नराखेको तथा गाउँपालिकाबाट संचालित कार्यक्रम, योजना संचालन तथा सेवा प्रवाह समेतको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको देखिएन् । ● निजामती सेवा ऐन, २०४९ को दफा ५ क मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन । ● सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन । ● आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) बमोजिम प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-१४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा सो तयार पारेको देखिएन । त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।	
३.	**कर्मचारी व्यवस्थापन** : स्थानीय सरकार संचालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम कर्मचारी समायोजन तथा पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट दरवन्दी तथा पदपुर्तिको विस्तृत विवरण प्राप्त हुन आएन । प्राप्त विवरण अनुसार गाउँपालिकामा विभिन्न पदका ४१ दरबन्दी स्वीकृत रहेकोमा हाल २७ जना कार्यरत रहेको देखियो । स्वीकृत दरबन्दी मध्ये १४ वटा दरवन्दी रिक्त रहेको देखिन्छ । रिक्त दरबन्दीमा पदपुर्ति गरी गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । कार्यालयमा करार तर्फ बिभिन्न पदमा २१ जना नियुक्त गरी सेवा प्रवाह गरेको देखिन्छ ।	
४.	**सेवा प्रवाह :** गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा गाउँकार्यपालिका र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवालाई सहज, सरल, गुणस्तरीय, प्रभावकारी र छिटो छरितो बनाई सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्यक्ष अनुभूति गराईने उल्लेख गरेको छ । प्राप्त विवरण यो वर्ष कार्यपालिका कार्यालय र वडा कार्यालयहरुबाट देहाय बमोजिमको सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ । पञ्जीकरण र सिफारिश बाहेक अन्य सेवा अन्तर्गत कुन कुन सेवा प्रवाह गरिएको हो भन्ने स्पष्ट उल्लेख गरिएको छैन । सेवा प्रवाहको वार्षिक लक्ष्य निर्धारण गरी सोही बमोजिम सेवा उपलब्ध गराउने प्रयास गरिनु पर्दछ ।	

क्र.सं.	विवरण	निवेदन संख्या	सिफारिश संख्या
१	नागरिकता सिफारिश	९९०	९९०
२	घरबाटो सिफारिश	८२५	८२५
३	नाता प्रमाणित	११७०	११७०

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.

४	जन्म, मृत्यु दर्ता	२५४४	२५४४
५	अन्य	१९८०	१९८०
जम्मा		**७५०९**	**७५०९**

५. **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा व्यवस्थित र अद्यावधिक अभिलेख व्यवस्थापन गर्नु पर्दछ ।

६. **भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन –** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख अद्यावधिक नराखेको तथा भ्रमण प्रतिबेदन समेत पेश गरेको देखिएन । साथै कार्यालयमा उपस्थित रहेको दिनमा समेत अनुगमन तथा भ्रमणमा खटिएको देखिन्छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।

७. **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले वित्तीय समानीकरण लगायत बिभिन्न शीर्षकबाट यो वर्ष रु. २१ करोड २५ लाख ५५ हजारको पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८. **चौमासिक खर्च :** कार्यालयले स्वीकृत बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा अनुपात मिलाई खर्च गर्नुपर्नेमा कार्यालयले यो बर्ष पूँजीगत शिर्षकमा गरेको कुल खर्च रु. २१ करोड २५ लाख ५५ हजारमध्ये देहाय अनुसार प्रथम चौमासिकमा १.१८ प्रतिशत, दोस्रो चौमासिकमा २३.६९ प्रतिशत र तेस्रो चौमासिकमा ७५.१३ प्रतिशत खर्च गरेको छ । कुल खर्चमध्ये आषाढ महिनामा मात्र ३७.९९ प्रतिशत खर्च गरेको छ । कार्यालयले आर्थिक बर्षको अन्त्यमा मात्र बढी भार पर्ने गरी पुँजीगत खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

क्र.सं.	बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
१	गाउँपालिका पुजिगत	१८५००४२४६	१५११७००	४६०५१३५०	१३७४४११९६	५८४८३१२०
२	स्थनीय पूर्वाधार साझेदारी	८६९७४४८			८६९७४८८	८६९७४८८
३	प्रदेश सरकार पुँजीगत	१८८५३६८२	९९१०००	४३०००००	१३५६२६८२	१३५६२६८२
जम्मा		**२१२५५५३७६**	**२५०२७००**	**५०३५१३५०**	**१५९७०१३६६**	**८०७४३२९०**
खर्च प्रतिशत			**१.१८**	**२३.६९**	**७५.१३**	**३७.९९**

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
९.	**क्षेत्रगत बजेट र खर्चको स्थिति:** यस गाउँपालिकाको गाउँसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ :–	

क्र.स.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा)
१	आर्थिक विकास	७३६२०००	७३६२०००	३.९८
२	पुर्वाधार विकास	१६११८७६१७	१५६७९९८६५	८४.७५
३	सामाजिक विकास	१२१२२५००	१२१२२५००	६.५५
४	वातावरण तथा विपद व्यवस्थापन	११०००००	११०००००	०.५९
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	७७०००००	७६१९८८१	४.१२
	जम्मा	**१८९४७२११७**	**१८५००४२४६**	**१००**

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
१०.	**पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** यस गाउँपालिकाको गाउँसभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको पाइयो :–	

क्र.स.	क्षेत्र	बजेट	खर्च	खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा)
१	सडक	७१८६२०००	७१८४९९८२	३८.८४
२	खानेपानी तथा सरसफाइ	६००००००	५७७४७८७	३.१२
३	सिंचाई	१५२०५०००	१५२०४१६१	८.२२
४	विद्यालय भवन तथा शौचालय	९६४०५११७	९२१७५३१६	४९.८२
	जम्मा	**१८९४७२११७**	**१८५००४२४६**	**१००**

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
११.	**योजना र कार्यान्वयन :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्तहुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले योजना तर्जुमा गर्दा तद्नुसार सहभागितामुलक योजना तर्जुमा गरी कार्यान्वयन गरेता पनि मध्यम तथा दीर्घकालिन प्रकृतिको उत्पादनमुलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरेको एंव दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको छैन । यो वर्ष गाउँपालिकाले देहाय बमोजिमका ४७५ वटा योजना सञ्चालन गरेको देखिएको छ ।	

रु.१ लाख सम्म	रु. १ देखि २ लाख सम्म	रु. २ देखि ३ लाख सम्मका	रु. ३ देखि ४ लाख सम्मका	रु. ४ देखि ५ लाख सम्मका	रु. ५ देखि १० लाख सम्मका	रु. १० लाख भन्दा बढिका	**जम्मा**
१४४	१३६	६२	३०	४८	३६	१९	**४७५**

उपर्यक्त तालिका अनुसार कूल योजना संख्या ४७५ मध्ये रु. ३ लाखसम्मका योजना संख्या ३४२ (कूल संख्याको ७२ प्रतिशत रहेको पाइयो । यसरी साना योजना अधिक संख्यामा छनौट तथा कार्यान्वयन गर्दा अनुगमन तथा मूल्यांकनमा कठिनाइ हुने, योजनाहरुको उपलब्धि तथा प्रभावकारिता मापन गर्न कठिनाइ हुने हुँदा ऐनको व्यवस्था अनुसार आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
१२.	**व्यवसाय दर्ता तथा नवीकरण स्थिति –** गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत व्यवसाय तथा निर्माण व्यवसायी फर्म दर्ता र नवीकरणको स्थिति देहाय अनुसार रहेको पाइयो :–	

विवरण	दर्ता संख्या	नवीकरण संख्या
(क) विभिन्न प्रकारका व्यवसाय	४६	२
(ख) घ वर्गका निर्माण व्यवसायी	१२	११
जम्मा	५८	१३

गाउँपालिकाद्वारा जारी कार्यविधि अनुसार नियमानुसार व्यवसाय दर्ता गराएका फर्महरुले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र नवीकरण गराइसक्नुपर्ने प्रावधान रहेको भएतापनि उपर्युक्त तालिका अनुसार यस आर्थिक वर्षको अन्त्यसम्म विभिन्न प्रकारका व्यवसायका व्यवसाय दर्ता संख्या ४६ र निर्माण व्यवसायी फर्म दर्ता संख्या १२ रहेकोमा क्रमशः २ र ११ मात्र नवीकरण भएको देखियो । अतः आफ्नो कार्यक्षेत्रभित्र रहेका व्यवसायको प्रभावकारी अनुगमनको व्यवस्था मिलाई कार्यविधि अनुसार तोकिएको समायवधिभित्र नवीकरण गर्ने, गराउने कार्यमा ध्यान दिनुपर्दछ ।

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
१३.	**उपभोक्ता समिति छनौट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट	

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
	गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।	
१४.	**उपभोक्ता समिाति दर्ता :** संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । गाउँपालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।	
१५.	**उपभोक्ता समिति परिचालनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन नगर्ने, योजना हस्तान्तरण हुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन ।	
१६.	**आयोजना हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा गाउँपालिकाको ध्यान जानुपर्दछ ।	
	आन्तरिक आयतर्फ	
१७.	**नदीजन्य दहत्तर बहत्तरको दर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिकि गर्नसक्ने व्यबस्था छ । गाउँपालिकाले यस बमोजिम आ.व. २०७५।७६ का लागि उत्खनन पूर्व प्रारम्भिक वातावरणिय मूल्याँकन तथा परिक्षण, IEE गरी प्रतिवेदन लिएकोमा उक्त प्रतिवेदन अनुसार गाउँपालिका भित्रका जिर्गा खोला, कुमाल खोला, चदाहा खोला, लंगुर खोला, वाइरिङ्ग खोला, भालु खोला, कन्या खोला, ठाडा खोला र वाक्सु खोलाबाट ६६१९० घ.मि. (२३३५१८३.२ घ.फि.) उत्खनन् गर्न मिल्ने प्रावधान रहे बमोजिम गाउँपालिकाले मिति २०७५/४/२१ मा ६६१९० घ.मि. उत्खनन्का लागि रु.१५,००,०००/- न्यूनतम कबोल अंक निर्धारण गरी सूचना प्रकाशन गरेको छ । वाग्मती प्रदेशको राजपत्रमा प्रकाशित ढुंगा गिट्टी बालुवा (दहत्तर बहत्तर) को संकलन वापत रु.३/- र निकासी वापत रु. ६/- गरी रु.९/- (मु.अ.कर बाहेक) का दरले उक्त परिमाणको न्यूनत्तम बोलकबोल रकम रु.२,१०,१६,६४९/- हुनुपर्नेमा गाउँपालिकाले रु.१५,००,०००/- मात्र निर्धारण गरी सूचना प्रकाशन गरेको छ । प्रदेश राजपत्रमा प्रकाशित दर भन्दा रु.८/३५ घटीका दरले सूचना प्रकाशन गरेको छ । प्रदेश राजपत्रमा प्रकाशित दर अनुसार नै ढुंगा गिट्टी, बालुवा उत्खनन् र निकासी कर संकलन गर्नु गराउनु पर्दछ ।	

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
१८.	**बढी परिमाणको सम्झौता :** गाउँपालिकाले मिति २०७५/४/२१ मा आह्वान गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्रि सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा अधिकतम उत्खनन् गर्न पाउने परिमाण ६६१९० घ.मि.का लागि रु.१५,००,०००/- न्यूनत्तम बोलकबोल अंक निर्धारण गरेकोमा थापा कन्स्ट्रक्सन प्रा.लि.सँगको सम्झौता र चलान पट्टा दिँदा प्रति घ.मी. रु. ७० का दरले रु. १५,००,५००/- (मू.अ.कर बाहेक) सम्झौता रकम निर्धारण गरेको छ। सम्झौता बमोजिम प्रति घ.मि. रु. ७०/- का दरले २१४३५.७ घ.मि. ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्नु पाउनु पर्नेमा IEE प्रतिवेदन बमोजिम अधिकतम उत्खनन् गर्न पाउने परिमाण ६६१९० घ.मि. राखी सम्झौता गरेको देखिन्छ। सम्झौतामा उल्लेख भएको प्रति घ.मि.रु.७०/- का दरले ६६१९० घ.मि. को रु.४६,३३,३००/- न्युनत्तम कबोल अंक निर्धारण हुनुपर्नेमा रु.१५,००,०००/- मात्र कायम गरेको हुँदा ४४७५४.२८ घ.मि. बढी परिमाणको सम्झौता गरी प्रति घ.मि. रु.७०/- का दरले रु.३१,३३,३००/-घटी न्यूनत्तम कबोल अंक निर्धारण भएको देखिन्छ। तोकिएको परिमाण र दरमा सम्झौता गरी ढुंगा, गिट्टी बालुवा संकलन तथा निकासी गर्नु पर्दछ।	
१९.	**ढुङ्गा, गिटी, वालुवा, दहत्तर/बहत्तर को बिक्रि तथा निकासी कर :** गाउँपालिकाको आफ्नो क्षेत्र भित्रको ढुङ्गा, गिटी, वालुवाको बिक्रि तथा निकासी गरी आय आर्जन गर्ने प्रयोजनका लागी लागि IEE प्रतिवेदन अनुसार ६६१९० घ.मि.उत्खनन् उत्खनन् का लागि रु.१५,००,०००/- न्यूनत्तम अंक निर्धारण गरी मिति २०७५/४/२१ मा दरभाउ पत्र आह्वान गरेकोमा सूचनाको म्याद भित्र दर्ता हुन आएका दरभाउपत्र मध्ये सबैभन्दा बढी अंक रु.१५,००,५००/- (मू.अ.कर बाहेक) कबोल गर्ने थापा कन्स्ट्रसन प्रा.लि.सँग २०७५/१०/४ मा सम्झौता भएको छ । सम्झौता बमोजिम ठेकेदारले बराबर २ किस्तामा रकम बुझाउने पर्ने उल्लेख छ। ठेकेदारले मिति २०७५/११/९ मा रु. ५,००,०००/- र मिति २०७५/११/२९ मा रु.२,५०,०००/- बुझाएको देखिन्छ। सम्झौताको म्याद भित्र सम्झौता बमोजिम बुझाउनु पर्ने रकम मध्ये रु.९,४५,५६५/- बुझाउन बाँकी देखिन्छ । सम्झौता बमोजिम ठेकेदारले बुझाउन बाकी उक्त रकम असुल हुनुपर्ने रु.	७५०,५००/-
२०.	**मूल्य अभिबृद्धि कर :** ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन र जिल्ला बाहिर निकासी गर्ने ठेकदारले सम्झौता बमोजिम बुझाउनु पर्ने रकममा १३ प्रतिशत मूल्य अभिबृद्धि कर समेत बुझाउनु पर्दछ। यस गाउँपालिकासँग ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन र जिल्ला बाहिर निकासी गर्ने कार्यको ठेकेदार थापा कन्स्ट्रसनसँग रु.१५,००,५००/- (मू.अ.कर बाहेक) को सम्झौता भई निजले सम्झौताको म्याद भित्र रु.७,५०,०००/- बुझाएकोमा उक्त रकममा लाग्ने १३ प्रतिशत मूल्य अभिबृद्धि कर रु.९७,५००/- बुझाएको देखिएन। बुझाउनु पर्ने मूल्य अभिबृद्धि कर बापतको रकम रु. ९७,५००/- आन्तरिक राजस्व कार्यालयमा बुझाएको भौचर पेश हुनुपर्ने रु.	९७,५००/-
२१.	**हाटे कर, पटके कर र निकासी कर :** गाउँपालिकाले गाउँपालिका क्षेत्रमा पर्ने हाटे कर, पटके सवारी कर र निकासी कर संकलनका लागि रु.२,००,०००/- न्यूनत्तम अंक कायम गरी २०७५/५/२९ मा दरभाउपत्रको सूचना प्रकाशन गरेको छ। सूचनाको म्याद भित्र ४ वटा दरभाउपत्र दर्ता हुन आएकोमा सबैभन्दा बढी अंक रु.७,००,०००/- कबोल गर्ने उर्गेन निर्माण सेवासँग २०७५/६/२३ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम ठेकेदारले बराबर २ किस्तामा रकम बुझाउनु पर्ने उल्लेख छ। ठेकेदारले मिति २०७५/६/२३ मा रु. ३,७५,३८१/- बुझाएको देखिन्छ। सम्झौताको म्याद भित्र सम्झौता बमोजिम बुझाउनु पर्ने रकम मध्ये रु.३,२४,६२१/- बुझाउन बाँकी देखिन्छ । सम्झौता बमोजिम ठेकेदारले बुझाउन बाकी उक्त रकम असुल हुनुपर्ने रु.	३,२४,६२१/-
२२.	**वडागत आय विवरण तयार नगरेको :** वडा कार्यालयहरु मार्फत मालपोत र नगदी रसिरबाट आय संकलन गर्ने गरिएकोमा वडागत असुलीको विवरण तयार पारेको छैन। वडा कार्यालयहरुलाई बुझाएको नगदी रसिदको संख्या र नम्बर तथा वडा कार्यालयहरुबाट फिर्ता आएका रसिद ठेली र नम्बरको अद्यावधिक विवरण राख्ने गरेको छैन। वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन। जसबाट कुन वडा कार्यालयको आयमा गरेको योगदान एकिन हुन सकेन। अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि	

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
	कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ ।	
	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजीगत तर्फ)	
२३.	**ज्याला तथा निर्माण सामग्रीको दररेट –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्लाभरि वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एक समिति रहने, यस्तो दररेट निर्धारण गर्दा प्रचलित बजार दरलाई आधार लिनुपर्ने, हरेक वर्षको श्रावण महिनाभित्र त्यस्तो दररेट निर्धारण गरिसक्नुपर्ने र यसरी निर्धारित दररेटको सूचना प्रमुख जिल्ला अधिकारीले जिल्लाभित्रका सबै कार्यालयहरुमा पठाई सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखापरीक्षकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रका कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले सिन्धुली जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेट प्रयोग नगरी गाउँ कार्यपालिकाको मिति २०७५।४।१७ को निर्णयानुसार आफ्नो पालिका क्षेत्रभित्र लागू हुने गरी छुट्टै दररेट निर्धारण गरेको पाइयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला तथा महशूलको स्थानीय दररेट तोक्ने सक्ने व्यवस्था रहेको भए तापनि अधिकांश निर्माण सामग्रीको दररेट जिल्ला दररेट निर्धारण समितिले तय गरेकोभन्दा बढी रहेको पाइयो । उदाहरणको लागि एच.डि.पि.ई. पाइपको दररेट जिल्ला तथा अन्य पालिकाहरुले प्रति के.जी. रु. २६०।– निर्धाारण गरेकोमा यस गाउँपालिकाले रु. ३००।- कायम गरेको छ । यस्तो दररेट निर्धारण गर्दा बजारमा प्रचलित दररेट, गत विगतको दररेट लगायतका पक्षलाई आधार लिने असल अभ्यास रहेको पाइन्छ । कार्यपालिकाले यस्तो दररेट निर्धारण गर्दा यस्ता पक्षलाई ध्यान दिन सकेको पाइएन । अतः निर्माण सामग्री तथा ज्यालाको दररेट निर्धारण गर्दा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ ।	
२४.	**उपभोक्ता समिति दर्ता –** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।	
२५.	**लागत सहभागिता –** तर्जुमा गरी लागू गरिएको उपभोक्ता समिति गठन, परिचालन, योजना तर्जुमा एवम् छनौट कार्यक्रम तथा व्यवस्थापन सम्बन्धमा गाउँ कार्यपालिकाद्वारा मिति २०७५।१।१२ मा "तीनपाटन गाउँ पालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" को दफा ७(३) मा उपभोक्ता समितिले कूल लागतको कम्तीमा १० प्रतिशत नगद सहभागिता र १५ प्रतिशत श्रमदान गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । कार्यालयले लागत सहभागिता वापत कूल लागतको १० प्रतिशत तोकेकोमा उक्त रकम स्थानीय सञ्चित कोषमा दाखिला नगराई उपभोक्ता समितिकै खातामा जम्मा गराउने गरेको पाइयो । समितिहरुको खातामा रहेको रकम जुनसुकै वेला निजहरुले झिक्न सक्ने अवस्था रहेकोले योजनाहरुको कार्यान्वयनमा यथार्थ रुपमा लागत सहभागिता जुटेको अवस्था देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । अतः लागत सहभागिता वापत लाभग्राही समुदायबाट उठाइएको रकम एक निश्चित कोषमा राख्ने वा त्रुटि सच्याउने अवधि पश्चात् मात्र फिर्ता गर्ने व्यवस्था हुनुपर्दछ ।	
२६.	**मर्मत सम्भार कोष –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष	

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
	खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै कार्यालयले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।	
२७.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । यस गाउँ पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।	
२८.	**निर्माण कार्यको गुणस्तर –** गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको कार्यविधि, २०७५ को दफा १२ मा उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुने, गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ :– ● स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, ● कार्यालयसँग भएको सम्झौता बमोजिम निर्माण विधि र प्रकृयाको गुणस्तर कायम गर्नुपर्ने, ● उपभोक्ता समिति मार्फत् हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हने, ● योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समिति सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर तथा दिगोपना कायम गर्ने सन्दर्भमा कार्यविधिले उपर्युक्तानुसारका व्यवस्था गरेको भए तापनि कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।	
२९.	**जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।	
३०.	**फाराम तथा अनुसूचीहरुको प्रयोग –** गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" मा सार्वजनिक परीक्षण (अनुसूची ३), खर्च सार्वजनिक सूचना फाराम (अनुसूची ४), भौतिक तथा वित्तीय प्रगति (अनुसूची ६) लगायतका फाराम तथा अनुसूचीहरुको व्यवस्था गरिएको भए तापनि निर्माण कार्यको रनिङ्ग बिल तथा अन्तिम बिल भुक्तानी माग गर्दा उपभोक्ता समितिहरुले ती विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । कतिपय	

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
	फारमहरु खाली नै राखी दस्तखत मात्र गरेर पेश गर्ने गरेको पाइयो। अतः यस्ता फाराम तथा अनुसूचीहरु पूर्ण रुपमा भरी आएपछि मात्र भुक्तानी हुने गरी सुदृढ आन्तरिक नियन्त्रणको व्यवस्था हुनुपर्दछ।	
३१.	**पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च –** महालेखा नियन्त्रक कार्यालयले २०७४ कार्तिकमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ। तर कार्यालयले सो भन्दा फरक हुने गरी तालिम, प्रशिक्षण, सीप विकास, सचेतना अभिवृद्धि, पोशाक तथा भेषभुषा खरिद, ज्येष्ठ नागरिक, एकल महिला सम्मान, महिला स्वयंसेविका प्रोत्साहन, लक्षित वर्ग कार्यक्रम, आर्थिक सहायता/विपद व्यवस्थापन जस्ता चालु प्रकृतिका रु. ४१ लख ८८ हजारका कार्यक्रमहरु पनि पूँजीगत कार्यक्रममा समावेश गरी खर्च गरेको पाइयो। यसरी चालु/कार्य सञ्चालन प्रकृतिका कार्यमा पूँजीगत बजेट खर्च गर्दा एकातर्फ पूँजीगत कार्यमा भएको खर्चको यथार्थ तस्वीर चित्रण नहुने तथा पूँजीगत सम्पत्ति निर्माण तथा सिर्जनामा पनि योगदान नपुग्ने हुँदा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ।	
३२.	**अनुत्पादक क्षेत्रमा लगानी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। तर यस गाउँपालिकाले सामुदायिक भवन, क्लब भवन, मन्दिर, गुम्बा निर्माण/मर्मत, खेलकुद मैदान जस्ता योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो। यस्ता अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ।	
३३.	**सडक हेरालु खर्च सम्बन्धमा** – कार्यालयले गाउँपालिका अन्तर्गतका ११ वटा वडामा रहेका सडकहरुको सरसफाइ गर्नका लागि भनी ९ जना व्यक्तिलाई वर्षभरि नै मष्टरोलमा राखी सार्वजनिक निर्माण कण्टिन्जेन्सीबाट ज्याला भुक्तानी गरेको पाइयो। प्रति दिन रु. ७००।- का दरले मासिक २५-२६ दिनसम्मको ज्याला भुक्तानी गर्ने गरेको आधारमा ९ जनाको मासिक ज्याला करिब रु. १५७,५००। का दरले यस वर्ष रु. १८,९०,०००।- खर्च भएको देखिन्छ। यसरी भर्ना गरिएका व्यक्तिहरुको सेवाको शर्त, ज्याला दर, दैनिक सेवामा खटिने समय, निजहरुको क्षमता आदि विषयमा कुनै निर्णय भएको तथा करार पत्रमा हस्ताक्षर गराएको पाइएन। अतः स्पष्ट कार्यविधि, मापदण्ड, सेवा शर्तका आधारमा मात्र ज्यालादारीमा नियुक्ति गर्नुपर्दछ।	
३४.	**सडकको चेनेज तथा लोकेशन** – सडक निर्माण तथा सो अन्तर्गत पुल, कल्भर्ट, साइड ड्रेन, रिटेन्सन वाल लगायतका संरचना निर्माण गर्दा चेनेज (दूरी) तथा लोकेशन (स्थान) स्पष्ट रुपमा खुलाउनु पर्नेमा कार्यालयले सडक तथा अन्य संरचना निर्माणका अधिकांश कार्यमा खुलाएको पाइएन। यसरी चेनेज तथा लोकेशन नखुलाउँदा सोही स्थानमा पुनः कार्य भएको जनाई दोहोरो भुक्तानी हुन सक्ने अवस्था रहने हुनालेसडक तथा अन्य संरचना निर्माण गर्दा, गराउँदा अनिवार्य रुपमा चेनेज तथा लोकेशन खुलाउने व्यवस्था हुनुपर्दछ। चेनेज तथा लोकेशन नखुलाएका केही उदाहरण देहाय अनुसार छन् :-	

भौ.नं./मिति	योजनाको नाम	कार्य विवरण	भुक्तानी रकम
६५-०७५/१०/१४	मश्राङ्गी टोल आले टोल पूर्वछाने टोल	लेभलिङ्ग/सर्फेसिङ्ग	२३८,७२८/-
१५८-०७५/११/२८	भोग्टेनी सडक विस्तार	नयाँ ट्र्याक निर्माण	२८८,०००/-
१९०-०७५/१२/०३	साठीमुरे चिलाउनेटार खोल्मे डाँडा	ग्याबियन वर्क्स	५८३,३६२/-
२०८-०७५/१२/२८	शनिटार दोभानटार करौजे सडक	सडक मर्मत तथा विभिन्न संरचना	१२,००,०००/-
३०३-०७६/१/०५	रुचानी छरछरे सडक	सडक मर्मत तथा विभिन्न संरचना	१०,५६,०००/-
२०५-०७६/१२/२८	गाउँपालिका भरिका मूल सडक	सडक मर्मत तथा विभिन्न संरचना	१४,३७,४००/-
३०७-०७६/१/२६	झुँगा जोरसिमल गिठाघारी छरछरे सडक	सडक मर्मत तथा विभिन्न संरचना	८६४,०००/-
३२३-०७६/१/२७	वडा नं. ८ का विभिन्न सडक	सडक मर्मत तथा विभिन्न संरचना	१६,३२,०००/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
३५.	**अमानतबाट कार्य–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने, त्यस्तो रकम रु. १ लाखभन्दा	

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.

बढी हुन नहुने र अमानतबाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम लगाउनुपर्ने व्यवस्था छ । यस गाउँ कार्यपालिकाको कार्यालयले वडा कार्यालयहरु मार्फत् विभिन्न सडक आयोजनाहरुको मर्मत तथा ग्राभेलिङ्गको कार्य अमानतबाट गराई निर्माण सामग्री तथा ज्याला वापतको रकम कर्मचारीलाई भुक्तानी गर्ने गरेको पाइयो । अमानतबाट कार्य गराउने सम्बन्धमा कुनै निर्णय भएको समेते देखिएन । तर कार्यालयले प्रमुख प्रशासकीय अधिकृतको कार्यादेशबाट वडा कार्यालयका कर्मचारी मार्फत् रु. ५० हजार देखि २ लाख सम्मको कार्य पटक पटक अमानतबाट गराएको पाइयो । त्यस्तो कार्यको प्रभावकारी अनुगमन तथा गुणस्तर नियन्त्रणको कार्यमूलक संयन्त्र समेत रहेको नपाइएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिएको छ । यसरी अमानतबाट कार्य गराएका केही उदाहरण देहाय अनुसार छन्ः–

भौ.नं./मिति	योजनाको नाम	वडा नं	खर्च रकम
१०-०७५/७/१५	वडा नं. ११ मा ग्राभेल	११	९९,९६०/-
१५-०७५/७/९	पुल्चोक वडा कार्यालय ग्राभेलिङ्ग	१०	९९,०८०/-
१६-०७५/८/४	पैरे शाखामाडी खण्ड मर्मत	२	९९,९९७/-
१७-०७५/८/४	शाखामाडी भिमस्थान खण्ड मर्मत	२	१००,०००/-
२९-०७५/८/१९	छिर्लिङ्गवास राम्चे	३	१००,०००/-
३०-०७५/८/२०	सिक्रे आधामारा कोटगाउँ सडक मर्मत	३	९९,५००/-
४४-०७५/९/९	वडाभरिको बाटो सरसफाइ	३	२००,०००/-
४७-०७५/९/९	बाङ्गेटार काडाङ्ग सडक	९	९९,९१४/-
७७-०७५/१०/१५	मूल सडक मर्मत	९	९९,९३३/-
१५७-०७६/३/२४	भालुखोला स्वर्गद्वारी निर्माण		१००,०००/-

३६. <u>४४-०७५/९/९</u>

३ नं. वडाभरिको बाटो सरसफाइ वापत वडा सचिवलाई रु. २ लाख भुक्तानी गरेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ को प्रावधानको प्रतिकूल हुने गरी रु. १ लाखभन्दा बढीको कार्य अमानतबाट गराएको पाइएकोले उक्त कार्य नियमसम्मत नदेखिएको रु. २००,०००/-

३७. **घटी लम्बाइमा कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने साथै नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण गराएका कतिपय सडक निर्माण योजनाहरुमा लागत अनुमान तथा सम्झौतामा उल्लेख भएको लम्बाइभन्दा घटी लम्बाइमा सडक खन्ने कार्य (नयाँ ट्र्याक तथा सडक विस्तार समेत) भएको पाइयो । यसरी लम्बाइ घटे तापनि उक्त आइटमको कार्य परिमाण भने पुरै वा सोभन्दा बढी परिमाणको भुक्तानी गरेको पाइयो । कतिपय योजनामा नापी किताबमा चौडाइ वा उचाइ बढाएर तथा कतिपयमा चट्टानको परिमाण बढाएको कारणबाट पुरा लम्बाइमा सडक खन्ने कार्य नभएको अवस्थामा पनि सम्झौता अनुसारको पुरै रकम भुक्तानी भएको अवस्था छ । यसरी घटी लम्बाइमा बाटो कटिङको कार्य भएको अवस्थामा नमूना छनौट गरी परीक्षण गरिएका निम्नलिखित १३ योजनाहरुमा पुरै कार्य परिमाण वा काम भएको अनुपातमा बढी कार्य परिमाणको भुक्तानी दिएको सम्बन्धमा क्रस सेक्शन ड्रइङ्ग सहितको प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने देखिएको रु. ३९,७२,२९१/-

भौ.नं./मिति	सडक योजनाको नाम	लागत अनुमान/सम्झौता अनुसार		नापी किताब अनुसार		काम भएको लं. अनुसार हुने परिमाण (घ.मी.)	लम्बाइको अनुपातमा बढी परिमाण (घ.मी.)	औ. दर रु.	थप रकम रु.
		कूल लम्बाई (मी.)	एक्साभेशनको परिमाण (घ.मी.)	कूल लम्बाई (मी.)	एक्साभेशन को परिमाण (घ.मी.)				
१५२-०७५/११/२८	गोलेडाँडा चाँपडाँडा सडक	७५०	५४११	५४०	५२३०	३८९६	१३३४	८६/४९	११५३७८
१४४-०७५/११/२७	घाङ्टार गिनीचौर वाङरिङ बेंसी सडक	२०७०	१३१९५	१९००	१५९१६	१२१११	३८०५	७४/७५	२८४४२३

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.

१६४-०७५/१२/०४	फुयाँल पाखा उकालो सिरान बाहुन तिल्पुङ्ग सडक	२०१०	१८२०९	१२७५	१९३७४	११५५०	७८२४	७५/८९	५९३७६३
२१७-०७६/१/५	फेदी लम्सार, हलीडाँडा ढाडे बेंसी सडक	३६००	२०८४६	२२४०	२०४६८	१२९७१	७४९७	८२/८९	६२१४२६
२४४-०७६/१/१२	धोबीडाँडा रसुवा सातघारी अर्चले सडक	१४७०	३८५०	९५०	३१९८	२४८८	७१०	१५२/२८	१०८११९
२६८-०७६/१/१६	प्रा.वि. सल्ले सडक	१४७०	६८२९	९६०	६१५४	४४६०	१६९४	९१/४५	१५४९१६
२८२-०७६/१/१७	शनि मझुवा डुम्रेबेंसी सडक	१८६०	१३८८६	१४८०	१२१२१	११०४९	१०७२	९३/२४	९९९६३
३०४-०७६/१/२६	हिराथुम्की मल्ले सडक	१५३०	१२६२३	११५०	१३७२४	९४८८	४२३६	९८/६६	४१७९२४
३०६-०७६/१/२६	झुगा जोरसिमल सडक	४३८६	१०२८१	३२००	९४५३	७५०१	१९५२	१०७/९१	२१०६४०
३०८-०७६/१/२६	आम्बोटे कन्ये खोला भन्ज्याङ्ग सडक	३७४०	१९८२२	३५६०	२१७५६	१८८६८	२८८८	१२९/९८	३७५३८२
सुत्र सफ्टवेयरको भौचर									०
९-०७६/२/३२	बतासे नरापु आम्बोटे	२४००	२२९८०	२०००	२२५२१	१९१५०	३३७१	८९/९१	३०३०८७
७८-०७६/३/७	ठुटेबर हर्राभन्जयाङ्ग सडक निर्माण	४२६०	३२२५६	३२८०	३३७०४	२४८३६	८८६८	७७/५०	६८७२७०
								जम्मा	३९७२२९१/-

३८. **माटो र चट्टान काट्ने कार्यको अनुपात –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शन ड्रइङ्ग समेत नराखी स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा नरम तथा कडा चट्टान ३० देखि ६० प्रतिशतसम्म राखेको पाइयो । प्राविधिक पुष्ट्याइँ तथा आधार र क्रस सेक्शन ड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि हुने अवस्था देखिएको छ । यस किसिमको प्रवृत्तिमा सुधार हुनुपर्दछ। यसका केही उदाहरण देहाय अनुसार छन् :-

योजनाको नाम	कूल रोड वे एक्साभेशनपरिमाण (घ.मी.)	माटो, चट्टान अनुपात (प्रतिशत)				एक्साभेशन दर रु. (प्रति घ.मी.)			
		नरम माटो	कडा माटो	नरम चट्टान	मध्यम/कडा चट्टान	नरम माटो	कडा माटो	नरम चट्टान	मध्यम/कडा चट्टान
त्रिशुले पचरंग जरायोटार सडक	२६९१	२०	२०	४०	२०	६५/०२	७८/१५	१०५/५६	१३०/८०
डुम्री खहरे वडा कार्यालय सडक	१८६८	३८	३८	३०	-	६५/०२	७८/१५	१०५/५६	१३०/८०
कालीमाटी धन्सार सडक	१९२०९	२५	२३	२८	२४	६५/०२	७८/१५	१०५/५६	१३०/८०
प्रा.वि. सल्ले सडक	६१५३	१८	४२	४०	-	६५/०२	७८/१५	१०५/५६	१३०/८०
मझुवा भदौरे डुम्रे बेंसी	१२१२१	३५	२७	२२	१६	६५/०२	७८/१५	१०५/५६	१३०/८०
हिराथुम्की मल्ले सडक	१३७२४	२६	२४	५०	-	६५/०२	७८/१५	१०५/५६	१३०/८०

३९. **थप व्ययभार –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत ड्रइङ्ग/डिजाइन तथा लागत अनुमान अनुसार निर्माण कार्य हुनुपर्दछ। कार्यालयले छनौट गरी सञ्चालन गरेका कतिपय सडक आयोजनाको माटो र चट्टानको अनुपात शुरु लागत अनुमान/डिजाइन तथा डि.पि.आर. मा उल्लेख भएकोभन्दा सारभूत रुपमा फरक हुने (कतिपयमा चट्टानको मात्रा २.६ गुणासम्म वृद्धि) गरी कार्य सम्पन्न गराएको पाइयो । जसको कारणबाट तोकिएभन्दा घटी लम्बाइ तथा परिमाणमा काम भए तापनि सम्झौता अनुसारको पुरै रकम भुक्तानी भएको छ । निम्नलिखित सडक योजनाको लागत अनुमान/डिजाइनमा उल्लेख भएभन्दा बढी चट्टान राखेको कारणबाट देहाय अनुसार रु. ७३४,१२७/- थप व्ययभार परेको देखिएकोले यसरी चट्टानको मात्रा बढाउनाको कारण, आधार तथा प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने रु. ७३४,१२७/-

भौ.नं./मिति	सडक योजनाको नाम		चट्टानको अनुपात (प्रतिशतमा)	एक्साभेशन दर	फरक दर	

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.

		काम भएको परिमाण (घ.मी.)	लागत अनुमान/डिजाइन अनुसार	नापी किताब अनुसार	ल.ई. अनुसारको भारित औसत दर	भुक्तानी भएको भारित औसत दर		थप व्ययभार रु.
५६-०७५/१०/९	साठीमुरे चिलाउने वास खोल्मेडाँडा धाप्रे	९१२०	५	२०	७०/३४	७७/०७	६/७३	६१३७६/-
१६०-०७५/१२/४	कालीमाटी भन्ज्याङ्ग गाउँ सडक	९०२३	२०	३०	८३/२२	८७/०५	३/८३	३४५५८/-
२५९-०७६/१/१३	कालीमाटी धन्सार सडक	१९२०९	२०	५२	८२/४७	१०६/०३	२३/५६	४५२५६४/-
२८२-०७६/१/१७	मझुवा भदौरे डुम्रे बेंसी	१२१२१	१५	३८	८१/३६	९३/२४	११/८८	१४३९९७/-
३०५-०७६/१/२६	कालीमाटी बालाजोर सडक	६३१७.५०	२०	४०	८३/४३	९०/०२	६/५९	४१६३२/-
							जम्मा	०/-

४०. **लम सम ढुवानी खर्च** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेट अनुसार दर विश्लेषण गरी आइटमको दर निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माणसँग सम्बन्धित विभिन्न योजनाको लागत अनुमान तयार गर्दा निर्माण सामग्री ढुवानी भनी केही निश्चत रकम लम सम (एक मुष्ट) मा राख्ने गरेको पाइयो । निर्माण सामग्रीको परिमाण, तौल तथा निर्माणस्थलसम्मको दुरीको आधारमा ढुवानी लागत तय गर्नुपर्ने वा निर्माणको आइटम दरमा नै ढुवानी लागत विश्लेषण गरी समावेश गर्नुपर्नेमा यसरी एकमुष्ट लागत समावेश गर्ने कार्य उपयुक्त नदेखिएकोले यसमा सुधार हुनुपर्दछ । लमसम ढुवानी लागत समावेश भएका केही उदाहरण निम्नानुसार छन्ः–

भौ.नं. ⁄ मिति	योजनाको नाम	कूल खर्च	ढुवानी रकम	प्रतिशत
५१-०७५/९/२५	विद्युत विस्तार, वडा नं. ९	१७,०९,८००/-	४५,०००/-	२.६३
६७-०७६/३/०६	पिपलभन्ज्याङ्ग पहिरो नियन्त्रण	२००,०००/-	७,९००/-	३.९५
११८-०७६/३/२८	विद्युत विस्तार, वडा नं. ९	५००,०००/-	४५,०००/-	९.००

४१. भौ.नं. ९९-०७६/३/१८ **: नाफामूलक संस्थाको लागि खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले निजी तथा सहकारी क्षेत्रबाट प्रवर्द्धित तथा सञ्चालित गाउँपालिकाको वडा नं. २ मा अवस्थित तीनपाटन महिला दुग्ध उत्पादक कृषि सहकारी नामक एक सहकारी संस्थाको गोठ निर्माण वापत रु. ५९९,१३६।- भुक्तानी गरेको पाइयो ।

नाफामूलक संस्थाबाट गाउँपालिकालाई प्राप्त हुने प्रतिफल तथा सेवा सम्बन्धमा स्पष्ट मापदण्ड तथा कार्यविधि तर्जुमा नगरी गरिएको खर्च मनासिब देखिएन । अतः त्यस्ता संस्थामा लगानी गर्दा संस्था ⁄ कम्पनीको शेयर स्वामित्व समेत प्राप्त हुने गरी दीर्घकालीन प्रतिफल समेतको विचार गरी लगानी गनुपर्ने र यसरी भएको लगानी बराबरको शेयर स्वामित्व प्राप्त हुने व्यवस्था गर्नुपर्ने देखिएको रु. — ५९९,१३६/-

४२. भौ.नं. ९८-०७६/३/१८

नापी किताब पेश नभएको – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । कार्यालयले बतासे-नरापू-आम्बोटे सडक योजना उपभोक्ता समितिलाई रु. १०,०५,३२८।– भुक्तानी गरेकोमा सोसँग सम्बन्धित लागत अनुमान, सम्झौता तथा नापी किताब पेश हुन आएन । अतः बिल भुक्तानी हुनु अघिको नाप, जाँच भएको नापी किताब, अनुमान तथा सम्झौता पेश हुनुपर्ने रु. — १०,०५,३२८/-

४३. **विद्युत् विस्तार कार्य** – कार्यालयले निम्नलिखित वडामा उपभोक्ता समिति मार्फत् विद्युत विस्तार कार्यको लागि यस वर्ष देहाय अनुसार रु. ०/- खर्च लेखेकोमा देहाय अनुसारका व्यहोरा देखियो :–

भौ.नं. ⁄ मिति	योजनाको नाम	रकम रु.
११८-०७६/३२२	वडा नं. १ मा विद्युत विस्तार (पोल गाड्ने तथा तार विछ्याउने)	५,००,०००/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.

६९, ८७-०७६/३/१८	वडा नं. ९ मा विद्युत विस्तार (पोल, तार सप्लाई तथा जडान)	२६,८८,०००/-
	जम्मा	०/-

४३.१. **विद्युतीकरण कार्य उपभोक्ताबाट गराएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले विद्यतीय उपकरण (ट्रान्सफर्मर, पोल, तार, कन्डक्टर आदि) खरिद तथा तार बिछ्याउने जस्तो जटिल प्राविधिक पक्ष समावेश कार्य उपभोक्ता समितिहरु मार्फत् गराएको मनासिब देखिएन । यस्ता कार्य व्यावसायिक, अनुभवी र योग्य फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउनु पर्दछ ।

४३.२. **गुणस्तर परीक्षण तथा भौतिक निरीक्षण** – विद्युत विस्तार कार्यक्रम अन्तर्गत उपभोक्ताले विभिन्न आपूर्तिकर्ताबाट ट्रान्सफर्मर, ग्याल्भनाइज्ड स्टील पोल, तार, कन्डक्टर लगायतका विभिन्न विद्युतीय उपकरण/सामग्रीहरु खरिद गरी ल्याएकोमा सोको Technial Specification तथा गुणस्तर मापदण्ड निर्धारण गर्ने Quality Assurance Plan (QAP) अनुसार गुणस्तर परीक्षण गर्नुपर्नेमा सो अनुसार गुणस्तर परीक्षण गरे, गराएको पाइएन । अतः त्यस्ता उपकरण/सामग्रीको प्रयोगशाला परीक्षण तथा भौतिक परीक्षण गर्ने व्यवस्था मिलाई निर्धारित गुणस्तर कायम गर्नुपर्दछ ।

४३.३. **फरक दर** – कार्यालयले विद्युत विस्तार कार्यको लागत अनुमान तयार गर्दा नेपाल विद्युत प्राधिकरणको नर्म्स तथा दर रेटको आधारमा गरेको उल्लेख गरेको छ । तर कतिपय सामग्रीको दररेट तथा जडानको ज्याला भुक्तानी गर्दा प्राधिकरणले उपलब्ध गराएको दरभन्दा बढी दरबाट देखिएकोले असूल हुनुपर्दछ ।

(क) **वडा नं. १** मा विद्युत विस्तार कार्यका उपभोक्ता समितिलाई रु. ५००,०००/- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा निम्न आइटमको भुक्तानी नेपाल विद्युत प्राधिकरणबाट स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी देखिएको रु. ०६४२/- असूल हुनुपर्ने रु. — १,३७,६४२/-

विवरण	परिमाण	भुक्तानी भएको दर	हुनुपर्ने दर	फरक दर	बढी भुक्तानी रु.
Erection work of 8 m. Long STP poles	90 Nos	४७९४/३५	३२६४/९९	१५२९/३६	१३७,६४२/-

(ख) **वडा नं. ९** मा विद्युत विस्तार कार्यका उपभोक्ता समितिलाई रु. २६,८८,०००/- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा नेपाल विद्युत प्राधिकरणबाट स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी देखिएको रु. २,१२,६७४/- असूल हुनुपर्ने रु. रु. — २,१२,६७४/-

विवरण	परिमाण	स्वीकृत दर	भुक्तानी भएको दर	फरक दर	बढी भुक्तानी रु.
8 m. Long STP poles	26 Nos	१४,८१४/३०	१६७७०/-	१९५५/७०	१७६,०१३/-
30 sq. mm ACSR conductor	18.32 Km	३३४९८/८५	३५,५००/-	२००१/१५	३६,६६१/-
				जम्मा	०/-

४४. **विद्युत उपकरण/सामग्री आपूर्ति** – निम्नलिखित वडाहरुमा विद्युत विस्तारका लागि आवश्यक पर्ने विद्युत पोल, तार तथा अन्य सामग्री आपूर्तिका लागि बोलपत्रको माध्यमबाट छनौट भएका निम्नलिखित आपूर्तिकर्तालाई रु. ७७,५७,६०७/- भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियो :–

भौ.नं./मिति	विवरण	आपूर्तिकर्ताको नाम	रकम रु.
३१५-०७६/१/२७, ७६-०७६/३/०७	वडा नं. ७ र ८ मा विद्युत विस्तारको लागि पोल, तार तथा ट्रान्सफर्मर आपूर्ति	न्यू जगदम्बा सप्लायर्स, काठमाडौं	४८,७५,९३४/-
३२१-०७६/१/२७	वडा नं. ७ र ८ मा विद्युत विस्तारको लागि पोल, तार तथा अन्य सामग्री आपूर्ति	एस. एम. ट्रेडर्स एण्ड सप्लायर्स, काठमाडौं	२८,८१,६७३/-
		जम्मा	**७७,५७,६०७/-**

४४.१. **गुणस्तर परीक्षण तथा भौतिक निरीक्षण** – विद्युत विस्तार कार्यक्रम अन्तर्गत माथि उल्लेखित आपूर्तिकर्ताले ट्रान्सफर्मर, ग्याल्भनाइज्ड स्टील पोल, तार, कन्डक्टर लगायतका विभिन्न विद्युतीय उपकरण/सामग्रीहरु खरिद गरी ल्याएकोमा सोको Technial Specification तथा गुणस्तर मापदण्ड निर्धारण गर्ने Quality Assurance Plan अनुसार गुणस्तर परीक्षण गर्नुपर्नेमा सो अनुसार गुणस्तर परीक्षण गरे, गराएको पाइएन । अतः त्यस्ता उपकरण/सामग्रीको प्रयोगशाला परीक्षण तथा भौतिक परीक्षण गर्ने व्यवस्था मिलाई निर्धारित गुणस्तर कायम गर्नुपर्दछ ।

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
४४.२.	**ट्रान्सफर्मरको गुणस्तर परीक्षण –** न्यू जगदम्बा सप्लायर्स, काठमाडौंले निम्नानुसारका २ थान ट्रान्सफर्मर आपूर्ति गरेकोमा सो को गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेको पाइएन । नेपाल ट्रान्सफर्मर एण्ड एलाइड प्रा.लि. बाट उत्पादित उक्त ट्रान्सफर्मरको वारेण्टी पिरियड ६ वर्ष उल्लेख भएकोमा विद्युतीकरण कार्यको लागि नेपालको आधिकारिक निकाय नेपाल विद्युत प्राधिकरणबाट सो को पुष्ट्याइँ तथा गुणस्तर परीक्षण गरिएको प्रमाण पेश हुनुपर्ने रु.	९७०,०००/-

विवरण	क्षमता	आपूर्तिकर्ताको नाम	रकम रु.
१. ट्रान्सफर्मर	50 KVA	न्यू जगदम्बा सप्लायर्स, काठमाडौं	३७५,०००/-
२. ट्रान्सफर्मर	100 KVA	न्यू जगदम्बा सप्लायर्स, काठमाडौं	५९५,०००/-
		जम्मा	०/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
४४.३.	**नपाउने रकम भुक्तानी –** वडा नं. ७ र ८ मा विद्युत विस्तारको लागि पोल, तार तथा अन्य सामग्री आपूर्तिको लागि एस. एम. ट्रेडर्स एण्ड सप्लायर्स, काठमाडौंलाई ढुवानी भाडा वापत रु. ९६,०००/- भुक्तानी गरेकोमा स्वीकृत लागत अनुमान तथा बिड डकुमेण्ट्स अनुसार उक्त मालसामानको आइटम दरमा नै ढुवानी लागत समावेश भइसकेको पाइयो । आपूर्तिकर्ताले पेश गरेको प्रस्ताव, बिड डकुमेण्ट्स तथा सम्झौतामा नभएको ढुवानी खर्च पछि कार्यादेशमा समावेश गरी दिएको पाइएकोले उक्त रकम सम्बन्धित आपूर्तिकर्ताबाट असूल हुनुपर्ने रु.	९६,०००/-
४५.	३२०-०७६/१/२७ (**निर्माण सामग्री आपूर्ति, ठेक्का नं. १२)** ग्याबियन बक्स, एच.डी.पी. पाइप लगायतका निर्माण सामग्री आपूर्ति वापत **एस.एम.ट्रेडर्स एण्ड सप्लायर्स**, काठमाडौंलाई रु. १७,८०,८००।– भुक्तानी भएकोमा निम्न व्यहोरा देखियो :–	
४५.१	**भेरिएशन बेगर थप भुक्तानी –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नकिएको परिस्थिति सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई नियमावलीमा तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सकिने व्यवस्था छ । कार्यालयले उक्त आपूर्तिकर्तासँग मिति २०७५।१२।२६ मा उल्लेखित मालसामान आपूर्तिको लागि रु. १२,१४,२९८।- को सम्झौता गरेकोमा रु. १७,८०,८००।- भुक्तानी गरेको पाइयो । यसरी सम्झौता तथा कार्यादेश भन्दा रु. ५,६६,५०२।- भुक्तानी गरेकोमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार भेरिएशन आदेश स्वीकृत समेत गरेको नपाइएकोले उक्त थप भुक्तानी नियमसम्मत नदेखिएको रु.	५,६६,५०२/-
४५.२	**नपाउने ढुवानी रकम भुक्तानी –** निर्माण सामग्री आपूर्तिकर्ता एस. एम. ट्रेडर्स एण्ड सप्लायर्स, काठमाडौंलाई ढुवानी भाडा वापत रु. १८१,४०५/- भुक्तानी गरेकोमा स्वीकृत लागत अनुमान तथा बिड डकुमेण्ट्स अनुसार उक्त मालसामानको आइटम दरमा नै ढुवानी लागत समावेश भइसकेको पाइयो । आपूर्तिकर्ताले पेश गरेको प्रस्ताव, बिड डकुमेण्ट्स तथा सम्झौतामा नभएको ढुवानी खर्च पछि कार्यादेशमा समावेश गरी दिएको पाइएकोले उक्त रकम सम्बन्धित आपूर्तिकर्ताबाट असूल हुनुपर्ने रु.	१८१,४०५/-
४६.	**एज बिल्ट ड्रइङ्ग पेश नभएको –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र निर्माण व्यवसायीले एज बिल्ट ड्रइङ्ग पेश गर्नुपर्ने व्यवस्था छ । साथै निम्नलिखित भवन निर्माणका लागि निर्माण व्यवसायीसँग भएको सम्झौताको जि.सी.सी. ५६.२ मा पनि एज बिल्ट ड्रइङ्ग पेश गर्नुपर्ने, पेश नगरेमा कबोल अंकको ५ प्रतिशतले हुने रकम रोक्का राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नलिखित भवन निर्माण कार्यका निर्माण व्यवसायीलाई देहाय अनुसार अन्तिम बिल भुक्तानी गरेकोमा भवन निर्माण कार्य सम्पन्न भएको ७ महिना अवधिसम्म पनि एज बिल्ट ड्रइङ्ग पेश गरेको नपाइएकोले सम्झौता अनुसार कबोल अंकको ५ प्रतिशतले हुने रकम असूल हुनुपर्ने रु.	०/-

भौ.नं./मिति	योजनाको नाम	निर्माण व्यवसायी	सम्झौता रकम	५ प्रतिशतले हुने रकम
१६६-०७६/३/२६	वडा कार्यालय भवन, वडा नं. ७	श्री चन्दन कन्स्ट्रक्शन	१४३९६११/-	६३७००
१००-०७६/३/१९	वडा कार्यालय भवन, वडा नं. ६	श्री एल.बी. कन्स्ट्रक्शन	१४२५४६७/-	६३०७३
			जम्मा	१२६७७३/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
४७.	**बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :–	

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>४७.१.</td><td>४३-०७५/९/०९
सुन्दरफाँट ऐरेनीटार (११ नं.) मा इनार तथा टंकी निर्माण उपभोक्ता समितिलाई रु. २११,६०८। भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा इनार खन्ने कार्यको भुक्तानी देहाय अनुसार बढी दरबाट गरेको कारणबाट बढी भुक्तानी भएको देखिएको रु. ६९५९/- असूल हुनुपर्ने रु.
<table>
<tr><th>इनारको गहिराइ</th><th>परिमाण (घ.मी.)</th><th>स्वीकृत दर</th><th>भुक्तानी भएको दर</th><th>फरक दर</th><th>बढी भुक्तानी रु.</th></tr>
<tr><td>Depth upto 3 m</td><td>8.25</td><td>२६६७/७०</td><td>३०६७/८६</td><td>४००/१६</td><td>३३०१/-</td></tr>
<tr><td>Depth upto 4 m</td><td>2.75</td><td>२७३९/८०</td><td>३१५०/७७</td><td>४१०/९७</td><td>११३०/-</td></tr>
<tr><td>Depth upto 5 m</td><td>2.75</td><td>३०२८/२०</td><td>३४८२/४३</td><td>४५४/२३</td><td>१२४९/-</td></tr>
<tr><td>Depth upto 6 m</td><td>2.75</td><td>३१००/३०</td><td>३५६५/३५</td><td>४६५/०५</td><td>१२७९/-</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>०/-</td></tr>
</table></td><td>६९५९/-</td></tr>
<tr><td>४७.२.</td><td>३६ इन्च डायाको आर.सी.सी. रिङ्गको स्वीकृत पालिका दर प्रति थान रु. ९५७।११ रहेकोमा सुन्दरफाँट ऐरेनीटार (११ नं.) मा इनार तथा टंकी निर्माण निर्माण उपभोक्ता समितिलाई रु. १०२५।४८ दरले भुक्तानी गरी प्रति थान रु. ६८।३७ बढी भुक्तानी गरेको पाइयो । उक्त इनारमा ९० वटा रिङ्ग प्रयोग भएको देखिएकोले उक्त संख्याको लागि बढी भुक्तानी भएको बढी भुक्तानी भएको देखिएको रु. ६१५३।- असूल हुनुपर्ने रु.</td><td>६१५३/-</td></tr>
<tr><td>४७.३.</td><td>५६-०७५/१०/०९
साठीमुरे चिलाउने वास खोल्मे डाँडा धाप्रे लंगूरडाँडा सडक स्तरोन्नति उपभोक्ता समितिलाई रु. २११,६०८। भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा उक्त योजनाको स्वीकृत लागत अनुमान/डिजाइन अनुसार स्टोन सोलिङ्गको मोटाइ १५ से.मी. रहेकोमा नापी किताबमा २० से.मी. राखी कार्य परिमाण गणना गरेको पाइयो । जसको कारणबाट १७० मीटर लम्बाइ र ५.५ मीटर चौडाइमा स्टोन सोलिङ्ग हुँदा ४६.७५ घ.मी. को प्रति घ.मी. रु. २१९५। का दरले बढी भुक्तानी भएको देखिएकोले यस सम्बन्धमा यकिन गरी बढी भुक्तानी भएको देखिएको असूल हुनुपर्ने रु.</td><td>१०२,६१६/-</td></tr>
<tr><td>४७.४.</td><td>९२-०७५/११/८
बांगेटार काडांग सडक स्तरोन्नति उपभोक्ता समितिलाई रु. ७७९,८०७।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा उक्त योजनाको स्वीकृत लागत अनुमान/डिजाइन अनुसार साइड ड्रेनको जगमा गरिने स्टोन सोलिङ्गको मोटाइ १५ से.मी. रहेकोमा नापी किताबमा २० से.मी. राखी कार्य परिमाण गणना गरेको पाइयो । जसको कारणबाट ११४ मीटर लम्बाइ र ०.६० मीटर चौडाइमा स्टोन सोलिङ्ग हुँदा ३.४२ घ.मी. को प्रति घ.मी. रु. २१९५। का दरले बढी भुक्तानी भएको देखिएकोले यस सम्बन्धमा यकिन गरी बढी भुक्तानी भएको देखिएको असूल हुनुपर्ने रु.</td><td>७५०७/-</td></tr>
<tr><td>४७.५.</td><td>१७५-०७५/१२/११, ७९-०७६/३/०७
बेलघारी सडक स्तरोन्नति उपभोक्ता समितिलाई २ वटा बिलबाट रु. २९,४७,६२८।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा उक्त योजनाको स्वीकृत लागत अनुमान/डिजाइन, नापी किताब तथा संलग्न फोटोग्राफ समेतबाट नाला खन्ने कार्य मेशिनद्वारा भएकोमा म्यानुअल दरबाट भुक्तानी गरेको पाइयो । जसको कारणबाट देहाय अनुसार बढी भुक्तानी भएको देखिएको रु. २१०,३५२।- असूल हुनुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>परिमाण (घ.मी.)</th><th>मेशिन एक्साभेशन दर रु.</th><th>भुक्तानी भएको दर रु.</th><th>फरक दर रु.</th><th>बढी भुक्तानी रु.</th></tr>
<tr><td>Side drain</td><td>711.93</td><td>६५/०२</td><td>३६०/५०</td><td>२९५/४८</td><td>२१०,३५२/-</td></tr>
</table></td><td>२१०,३५२/-</td></tr>
<tr><td>४७.६.</td><td>२१०-०७५/१२/२८
लाम्पनटार–बस्तीपुर–देउराली सडक स्तरोन्नति उपभोक्ता समितिलाई रु. ८६४,०००।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा उक्त योजनाको स्वीकृत लागत अनुमान/डिजाइन अनुसार साइड ड्रेनको जगमा गरिने स्टोन सोलिङ्गको मोटाइ १० से.मी. रहेकोमा नापी किताबमा १५ से.मी. राखी कार्य परिमाण गणना गरेको पाइयो । जसको कारणबाट १२४ मीटर लम्बाइ र ०.७० मीटर चौडाइमा स्टोन सोलिङ्ग हुँदा ४.३४ घ.मी. को प्रति घ.मी. रु. २१९५। का दरले बढी भुक्तानी भएको देखिएकोले यस सम्बन्धमा यकिन गरी बढी भुक्तानी भएको देखिएको असूल हुनुपर्ने रु.</td><td>९५२६/-</td></tr>
<tr><td>४७.७.</td><td>८१-०७६/३/७
जोगे बोक्सेटार इनार निर्माण उपभोक्ता समितिलाई रु. ४५०,०००।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गदा ३६ इन्च डायाको आर.सी.सी. रिङ्गको स्वीकृत पालिका दर प्रति थान रु. ९५७।११ रहेकोमा सुन्दरफाँट ऐरेनीटार</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>(११ नं.) मा इनार तथा टंकी निर्माण निर्माण उपभोक्ता समितिलाई रु. १०२५।४८ दरले भुक्तानी गरी प्रति थान रु. ६८।३७ बढी भुक्तानी गरेको पाइयो । उक्त इनारमा ३६ वटा रिङ्ग प्रयोग भएको देखिएकोले उक्त संख्याको लागि बढी भुक्तानी भएको बढी भुक्तानी भएको देखिएको रु. २४६१- असूल हुनुपर्ने रु.</td><td>२४६१/-</td></tr>
<tr><td>४८.</td><td>स्वीकृत डिजाइन/लागत अनुमान अनुसार नभएको – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) अनुसार निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, नक्शा, डिजाइन तयार गरी दफा ५क बमोजिम स्वीकृत गर्नुपर्ने र स्वीकृत ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान अनुसार निर्माण गर्न गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :</td><td></td></tr>
<tr><td>४८.१.</td><td>९५-०७५/११/१०
वडा नं. १० का सडकहरु मर्मत उपभोक्ता समितिलाई रु. ६८८,८३७।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा स्वीकृत लागत अनुमान/डिजाइनमा विभिन्न सडक मर्मत तथा ४ वटा सडकमा ५ कि.मी. साइड नालाको कार्य गर्ने उल्लेख भएकोमा नापी किताब अनुसार उक्त कार्य नै नगराई खरिद सम्झौता फरकफारक गरेको नियमसम्मत नदेखिएको रु. (५०००*०.४५*०.२०=१०१२.५० घ.मी. *७१.७९)</td><td>७२,४८०/-</td></tr>
<tr><td>४८.२.</td><td>२०५-०७५/१२/०८
गाउँपालिका भरिका मूल सडक मर्मत उपभोक्ता समितिलाई रु. १४,३७,४२६।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा स्वीकृत डिजाइन/ लागत अनुमान अनुसार विभिन्न सडकमा २५ मी. पक्की नालाको कार्य समेत गर्ने उल्लेख भएकोमा नापी किताब अनुसार उक्त कार्य नै नगराई सबै भुक्तानी लेभलिङ्ग/सर्फेसिङ्गको कार्यको लागि गरेको पाइयो । यसरी सडकको दिगोपनाको लागि गर्नुपर्ने एउटा प्रमुख आइटमको कार्य नै नगराई खरिद सम्झौता फरकफारक गरेको नियमसम्मत नदेखिएको रु.</td><td>२३२,२२६/-</td></tr>
<tr><td>४८.३.</td><td>सोही सडक योजनाको नापी किताब अनुसार एकमुष्ट ४६०० मीटर तथा विभिन्न ३३ स्थानमा ९५० मीटर सडक लेभलिङ्ग/सर्फेसिङ्गको भएको देखाएको कुन, कुन स्थान तथा चेनेजमा कार्य भएको हो, खुलाएको पाइएन ।</td><td></td></tr>
<tr><td>४८.४.</td><td>८२-०७५/१०/२९
शहरे ढ्याङ्ग्रे पञ्चरंग सडक मर्मत उपभोक्ता समितिलाई रु. २११,६०८।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा नापी किताब अनुसार १०७५ मीटर लम्बाइमा सडक मर्मत कार्य भएकोमा साइड ड्रेन खन्ने कार्य १६०० मी. राखेको पाइयो । जस अनुसार थप ५२५ मी. मा उक्त कार्य हुँदा ६४.३१ घ.मी. को प्रति घ.मी. म्यानुअल दर रु. ३६०।५० का दरले थप भुक्तानी भएको सम्बन्धमा प्राविधिक पुष्ट्याइँ तथा आधार पेश हुनुपर्ने रु.</td><td>२३,१८५/-</td></tr>
<tr><td>४८.५.</td><td>४७-०७६/३/६
अर्मले थापा टोल सिंचाइ उपभोक्ता समितिलाई रु. ३००,०००।- भुक्तानी गरेको बिल, भर्पाई परीक्षण गर्दा स्वीकृत डिजाइन/ लागत अनुमान अनुसार २६८ मीटर लम्बाइको कुलो बनाउनुपर्नेमा नापी किताब अनुसार १६० मीटर मात्र बनाएको पाइयो । कुलोको बेडको चौडाइ ४० से.मी. रहेकोमा ६० मी. राखी कार्य परिमाण गणना गरेको पाइयो । जसले गर्दा देहायका आइटमा रु. ५३५९६/- थप व्ययभार परेको देखियो । यसरी स्वीकृत डिजाइन/ लागत अनुमानभन्दा फरक गरी कार्य गराएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>कार्य विवरण</th><th>लंबाइ. (मी.)</th><th>थप चौ. (मी.)</th><th>मोटाइ (मी.)</th><th>थप परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>Soling</td><td>१६०</td><td>०.२</td><td>०.१५</td><td>४.८०</td><td>२१९५/-</td><td>१०५३६/-</td></tr>
<tr><td>PCC in Bed (1:2:4)</td><td>१६०</td><td>०.२०</td><td>०.१०</td><td>३.२</td><td>१३४५६/२०</td><td>४३,०६०/-</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>०/-</td></tr>
</table></td><td>५३,५९६/-</td></tr>
<tr><td>४८.६.</td><td>४७-०७६/३/६
पाखाबारी सिंचाइ उपभोक्ता समितिलाई रु. १५०,०००।- भुक्तानी गरेकोमा स्वीकृत डिजाइन/ लागत अनुमान अनुसार ७०.५० मीटर लम्बाइको आर.सि.सी. कुलो बनाउनुपर्नेमा उक्त कार्य नगरी १३.७१ घ.मी. ढुंगाको गाह्रो लगाई सम्झौता फरफारक गरेको पाइयो । स्वीकृत डिजाइन/ लागत अनुमान, तथा सम्झौतामा उल्लेख भएभन्दा फरक कार्य गराई भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.</td><td>१५०,०००/-</td></tr>
<tr><td>४९.</td><td>जि.आई. तार घटी परिमाण – सार्वजनिक खरिद ऐन तथा नियमावली, २०६४ मा स्वीकृत नर्म्स अनुसार निर्माण सामग्रीको प्रयोग हुनुपर्ने व्यवस्था छ । कार्यालयले तटबन्ध, सडक संरक्षण लगायतमा प्रयोग गर्ने ग्याबियन तारजाली कतिपय योजनाको नापी किताबमा चढाएको परिमाणभन्दा कम परिमाणको</td><td></td></tr>
</table>

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
	बिल, बिजक पेश भएको पाइयो । निम्नलिखित आयोजनामा नर्म्समा उल्लेख भएभन्दा घटी तारजाली प्रयोग भएको अथवा खरिद भएको वास्तविक परिमाणभन्दा नापी किताब तथा प्राविधिक बिलमा बढी राखेको अवस्था देखिएकोले यस सम्बन्धमा यकिन गरी बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.	१३१,९४५/-

भौ.नं./मिति	योजनाको नाम	तार जालीको साइज	नापीमा राखेको संख्या	नर्म्स अनुसार हुने परिमाण (के.जी.)	पेश भएको बिलको परिमाण (के.जी.)	तयार हुने बक्स संख्या	फरक संख्या	फरक रकम रु.
१६८-०७५/१२/०८	टाउके डाँडा किराँते डुँडे सडक	२*१*१	३२	८४२	४३२	१६	१६	१३१,९४५/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
५०.	**जि.आई. तारको टेष्ट रिपोर्ट –** निर्माण सामग्रीको Technial Specification अनुसार गुणस्तर कायम रहे, नरहेको सन्दर्भमा आवश्यक ल्याब टेष्ट गराई सोको प्रतिवेदन लिनुपर्दछ । कार्यालयले तटबन्ध, सडक संरक्षण लगायतमा प्रयोग गर्नको लागि उपभोक्ता समिति मार्फत् ग्याबियन तारजाली खरिद गर्ने गरेकोमा सो को गुणस्तर परीक्षण प्रतिवेदन गराउने गरेको पाइएन । अतः निर्माण कार्यको सम्झौता गर्दा Quality Assurance Plan (QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या (Volume and Frequncy) मा गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरुको गुणस्तर कायम गर्नुपर्दछ । जि.आई. तारको टेष्ट रिपोर्ट पेश नभएका केही उदाहरण देहाय अनुसार छन् :–	

भौ.नं./मिति	योजनाको नाम	तार जालीको साइज	संख्या	रकम रु.
११६-०७५/१११/२२	आम्बोटे कन्येखोला भन्ज्याङ्ग सडक	३*१*१	३७	४४९६७५/-
		२*१*१	३०	२४७३९७/-
१६८-०७५/१२/०८	टाउके डाँडा किराँते डुँडे सडक	२*१*१	३२	२६३८९०/-
१९०-०७५/१२/२३	साठीमुरे चिलाउनेटार खोल्मेडाँडा सडक	३*१*१	४८	५८३३६१
६७-०७५/३/०६	पिपलभन्ज्याङ्ग पहिरो नियन्त्रण	२*१*१	४८	४४८७४०/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
५१.	<u>३१२-०७६/१/२७</u> **पूर्व निर्धारति क्षतिपूर्ति –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, परामर्शदाता वा निर्माण व्यवसायीको ढिलाइका कारण खरिद सम्झौता अनुसारको काम तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न २ योजनाको डि.पि.आर. वापत निम्न २ परामर्शदातृ फर्मलाई देहाय अनुसार रु. ०/- भुक्तानी गरेकोमा निजहरुले परामर्श सेवा खरिद सम्झौतामा तोकिएको अवधिभित्र डि.पि.आर. को प्रतिवेदन पेश गरेको नपाइएकोले नियमावलीको व्यवस्था बमोजिम देहाय अनुसारको पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने देखिएको रु.	०/-

योजनाको नाम	परामर्शदाताको नाम	सम्झौता रकम (मू.अ.कर बाहेक)	प्रतिवेदन पेश गर्नुपर्ने मिति	पेश गरेको मिति	ढिला दिन	०.०५ प्रतिशतले हुने जरिवाना रकम
लंगुरखोला पुलको डि.पि.आर	सखुवा इञ्जि. कन्सल्टेन्सी प्रा.लि.	१०२५,०००	२०७६/१/१३	२०७६/१/२७	१४	७१७५/-
गा.पा. कार्यालय भवनको डि.पि.आर.	डिजाइन एसोसिएट्स नेपाल	८८०,२५४	२०७५/१०/०३	२०७६/१/१७	६५	२८,६०८/-
	जम्मा	१,९०५,२५४/-				०/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
५२.	<u>३१२-०७६/१/२७</u> **निर्माणस्थल छनौट नगरी डि.पि.आर. –** कार्यालयले तीनपाटन पार्कको सर्वे/डि.पि.आर. वापत ऋषिकेश सर्विस प्रा.लि., ललितपुरलाई रु. ४९६,०७०।- भुक्तानी गरेको छ । उक्त पार्क बन्ने स्थान बारे कार्यालयका प्राविधिकसँग छलफल गर्दा सो बारे जानकारी नभएको जवाफ प्राप्त भयो । पार्क बन्ने स्थान, सोको लागि उपलब्ध हुने क्षेत्रफल, भौगोलिक अवस्थिति लगायतका अवस्थाको अध्ययन गरेर मात्र सर्वे/डि.पि.आर. प्रतिवेदन तयार हुनुपर्नेमा सम्बन्धित योजनाको निर्माणस्थल नै यकिन नभएको अवस्थामा यसरी तयार गरिएको डि.पि.आर. प्रतिवेदनको यथार्थता, विश्वसनीयता र औचित्य सम्बन्धमा यकिन गर्न सकिने आधार छैन । यसरी निर्माणस्थलको छनौट नगरी गरिएको डि.पि.आर. वापतको खर्च नियमसम्मत नदेखिएको रु. यस्तो अनुत्पादक र प्रतिफलविहीन कार्यमा खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।	४,९६,०७०/-
५३.	<u>१३२-०७५/११/२६, ३१३-०७६/१/२७</u>	

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>युवा दलित लक्षित सीप विकास तथा आय आर्जन उपभोक्ता समितिका अध्यक्ष श्री मीन बहादुर वि.क. लाई रु. १० लाख भुक्तानी गरेको बिल, भपाई परीक्षण गर्दा निम्न व्यहोरा देखियो :–</td><td></td></tr>
<tr><td>५३.१.</td><td>सहभागीको विवरण – कार्यालय र उपभोक्ता समिति बीच मिति २०७५।९।२५ मा भएको सम्झौता अनुसार ५५ जनालाई ३ महिना अवधिको ड्राइभिङ्ग तालिम वापत रु. ५ लाख र २२ जनालाई ३ महिना अवधिको सिलाइ/कटाई तालिम वापत रु. ५ लाख दिइने र प्रत्येक वडाबाट क्रमशः ५ जना र २ जनाका दले छनौट गरिने उल्लेख भएकोमा कुन, कुन तालिममा कति जना सहभागी भए, सहभागीको विवरण तथा हाजिरी विवरण पेश भएको छैन । साथै सहभागी छनौटको आधार र मापदण्ड समेत पेश हुन आएन । यसबाट उक्त कार्यमा खर्च भएको रु. १० लाखको उद्देश्य अनुरुप खर्च भए, नभएको यकिन हुन अवस्था छैन ।</td><td></td></tr>
<tr><td>५३.२.</td><td>अनुगमन – तालिमको प्रभावकारिता तथा स्वरोजगारको स्थिति सम्बन्धमा कार्यालयबाट अनुगमन/मूल्यांकन भएको पाइएन ।</td><td></td></tr>
<tr><td>५३.३.</td><td>घटी कर कट्टी – आयकर ऐन, २०५८ को दफा ८८ अनुसार प्रशिक्षकहरुको सेवा वापतको भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा १ प्रतिशतका दरले मात्र कट्टी गरेको पाइएकोले देहाय अनुसार छुट १४ प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>तालिमको किसिम</th><th>प्रशिक्षकको नाम</th><th>भुक्तानी रकम</th><th>छुट कर (१४ प्रतिशत)</th></tr>
<tr><td>ड्राइभिङ्ग</td><td>श्री धन बहादुर बजू</td><td>३१५,०००</td><td>४७२५०</td></tr>
<tr><td></td><td>श्री इन्द्र बहादुर परियार</td><td>७५,०००</td><td>१०५००</td></tr>
<tr><td>सिलाइ/कटाई</td><td>श्री धन बहादुर बजू</td><td>७५,०००</td><td>१०५००</td></tr>
<tr><td></td><td>श्री बुद्धराम परियार</td><td>७५,०००</td><td>१०५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५४०,०००/-</td><td>७८७५०/-</td></tr>
</table></td><td>0/-</td></tr>
<tr><td>५४.</td><td><u>१५८-०७६/३/२५ (पूँजीगत अनुसन्धान, परामर्श)</u>
जिल्ला उद्यमी समूह संघ (डि-मेगा) सिन्धुलीलाई विभिन्न सीपमूलक उद्यमशीलता कार्यक्रम सञ्चालन वापत रु. २८,१९,०४०।- भुक्तानी गरेको बिल, भपाई परीक्षण गर्दा निम्न व्यहोरा देखियो :–</td><td></td></tr>
<tr><td>५४.१</td><td>बढी ओभरहेड भुक्तानी – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को अनुसूची १क अनुसार परामर्श सेवाको लागतमा ओभरहेड वापत ५ प्रतिशत मात्र राख्न मिल्नेमा उक्त कार्यको लागत अनुमान बनाउँदा १० प्रतिशत राखेको पाइयो । उक्त संस्थासँग लागत अनुमान दरमै सम्झौता भएको र ओभरहेड वापत १० प्रतिशतले हुने रु. १२४,०४६।- समावेश गरेकोले सो को ५० प्रतिशतले हुने रकम बढी भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.</td><td>६२,०२३/-</td></tr>
<tr><td>५४.२</td><td>अनुगमन – तालिमको प्रभावकारिता तथा स्वरोजगारको स्थिति सम्बन्धमा कार्यालयबाट अनुगमन/मूल्यांकन भएको पाइएन ।</td><td></td></tr>
<tr><td>५५.</td><td><u>१८२-०७५/१२/२१</u>
औजार/उपकरण भर्पाई – जिल्ला उद्यमी समूह संघ (डि-मेगा) सिन्धुलीलाई सिलाइ कटाइ तालिम तथा सिलाइ मेशिन वापत रु. ४ लाख भुक्तानी गरेको बिल, भपाई परीक्षण गर्दा १० थान सिलाइ मेशिनको समेत भुक्तानी गरेको देखिन्छ । तर उक्त सिलाइ मेशिन सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गरेको नदेखिएकोले सम्बन्धितलाई बुझाएको भर्पाई पेश हुनुपर्ने रु.</td><td>१७१,२३५/-</td></tr>
<tr><td>५६.</td><td><u>१२१-०७५/११/२३</u>
लाम्पनटार बहुमुखी क्याम्पसलाई भवन निर्माण तथा शिक्षक/कर्मचारीको तबल वापत रु. ४० लाख भुक्तानी गरेको बिल, भपाई परीक्षण गर्दा निम्न व्यहोरा देखियो :–</td><td></td></tr>
<tr><td>५६.१.</td><td>अन्य निकायद्वारा व्यहोरिने रकम भुक्तानी – उक्त क्याम्पसले भुक्तानीका लागि पेश गरेको बिल, भर्पाई तथा गाउँपालिका कार्यालयबाट स्वीकृत पुस्तकालय भवनको लागत अनुमान अनुसार कूल लागत अनुमान रु. ३१,२७,२३२।६१ मध्ये प्रदेश सामाजिक विकास मन्त्रालयको योगदान (MoSD Contribution) रु. २०,००,०००।– र गाउँपालिको योगदान रु. ११,२७,२३१।६१ भनी उल्लेख छ। गाउँपालिका कार्यालयले भवन निर्माणको लागि रु. ११,२७,२३१।६१, विभिन्न ४ शिक्षक तथा २ कर्मचारीको २०७६ श्रावणदेखि माघसम्मको तलब, भत्ता रु. १०,६९,४४४।- र प्रदेश सामाजिक विकास मन्त्रालयले व्यहोर्ने भनी उल्लेख रु. २० लाख समेत गरी जम्मा रु. ४० लाख भुक्तानी गरेको पाइयो । यसरी अन्य निकायबाट व्यहोर्ने</td><td>२०,००,०००/-</td></tr>
</table>

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
	भनिएको रकम समेत यस कार्यालयले व्यहोरेको देखिएकोले उक्त रकम व्यहोर्नुपर्ने आधार तथा पुष्ट्याइँ भए पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.	
५६.२.	**कार्य सम्पन्न प्रतिवेदन पेश नभएको –** उक्त क्याम्पस भवनको कूल लागत अनुमान रु. ३१,२७,२३२।६१ रहेकोमा भवन निर्माण सम्बन्धी बिल, भर्पाई, प्राविधिक मूल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन पेश भएको नपाइएकोले उक्त प्रमाण, कागजात पेश हुनुपर्दछ ।	
५७.	भौ.नं.: २१९-०७६/१/०५, - रु. ३८,११,४४४/-, १९९-०७५/१२/२७ र ३२२/०७६/१/२७ - रु. १९,५०,०००/- **गाउँपालिकाको भवन निर्माणको लागि घडेरी खार्ने कार्य**को लागि यस वर्ष माथि उल्लिखित ३ भौचरबाट २ उपभोक्ता समितिलाई रु. ५७,६१,४४४।- भुक्तानी गरेको बिल, भपाई परीक्षण गर्दा निम्न व्यहोरा देखियो :–	
५७.१.	**विनियोजनभन्दा बढी खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ तथा गाउँ सभाबाट स्वीकृत बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार यस वर्ष घडेरी खार्ने कार्यको लागि रु. ४० लाख तथा भवन निर्माणको लागि रु. ५० लाख विनियोजन भएको देखिन्छ । कार्यालयले यस वर्ष घडेरी खार्ने कार्यको लागि मात्रै रु. ५७,६१,४४४।- खर्च गरेको पाइयो । गत वर्ष पनि उक्त कार्यको लागि रु. ४० लाख खर्च लेखेको जानकारी हुन आयो । यसरी उक्त घडेरी खार्ने कार्यको लागि मात्रै गत वर्ष र यस वर्ष गरी करिब रु. ९८ लाख खर्च गरेको पाइयो । उक्त कार्यको लागि यस वर्ष रु. ४० लाख विनियोजन भएकोमा रु. ५७,६१,४४४।- खर्च गरी विनियोजित बजेटभन्दा रु. १७,६१,४४४।- बढी खर्च गरेको पाइयो । बढी खर्च भएको उक्त रकम भवन निर्माण शीर्षकबाट ल्याई खर्च गरेको पाइयो । यसरी खर्च खर्च गर्ने प्रवृत्तिले वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रण पक्षलाई कमजोर बनाउने हुँदा यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	
५७.२.	**निर्माण स्थलबाट हटाइएको रुख सम्बन्धमा –** गाउँपालिका कार्यालय भवन निर्माणको लागि तयार गरिएको उक्त स्थानमा पहिले रुख, बिरुवा रहे नरहेको यकिन गरी सो सम्बन्धी अभिलेख राखेको पाइएन । रुख, बिरुवा सहितको भू-भागमा जग्गा खार्ने काम हुँदा सो को वरिपरि वृक्षारोपण तथा बायो-इञ्जिनियरिङ्ग कार्य गरी वातावरणीय पक्षमा ध्यान दिनुपर्ने देखिन्छ ।	
५८.	**बढी मू.अ.कर भुक्तानी –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर दर्ता भएको व्यक्ति वा फर्मले बिजक जारी बिजक जारी गर्नुपर्ने र त्यससरी जारी भएको अनुसारको मू.अ.कर भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत् गराइने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ईंटा, सिमेण्ट, डण्डी लगायतका नन-लोकल निर्माण सामग्रीको स्वीकृत पालिका दरमा १३ प्रतिशतले हुने मू.अ.कर वापतको रकम समावेश गरी सम्बद्ध आइटमहरुको दर विश्लेषण गरेको पाइयो । लागत अनुमानको लागि गरिएको दर विश्लेषणमा समावेश भएको त्यस्ता निर्माण सामग्रीको दरभन्दा उपभोक्ता समितिहरुले खरिद गरेको दर घटी रहेको पाइयो । उपभोक्ता समितिहरु निर्माण कार्यको रनिङ्ग तथा अन्तिम बिल भुक्तानीका लागि पेश भएको बिल, बिजक अनुसार त्यसरी निर्माण सामग्रीको दरमा भिन्नता भएको कारण लागत अनुमानमा समावेश भएको त्यस्ता निर्माण सामग्रीको मू.अ.कर भन्दा उपभोक्ताले यथार्थ रुपमा आपूर्तिकर्तालाई तिरेको मू.अ.कर घटी रहेको देखिन्छ । अतः उपभोक्ता समितिलाई देहाय अनुसार बढी भुक्तानी देखिएको मू.अ.कर रकम असूल हुनुपर्ने रु.	६८,१८४/-

भौ.नं. ⁄ मिति	योजनाको नाम	निर्माण सामग्री	परिमाण	दर विश्लेषण अनुसारको दर	बिल, बिजक अनुसारको दर	फरक दर	फरक मू.अ.कर दर	बढी भुक्तानी भएको मू.अ.कर.
१८२-०७५/१२/२१	विद्यालय भवन निर्माण (वडा नं. ५)	ईंटा	८७१९ (१५.७७ घ.मी.)	१६/-	९/२९	६/७१	०/८७	७५८५
२०१-०७५/१२/२७	भिमसेन मन्दिर निर्माण	ईंटा	५५१० (९.८४ घ.मी.)	१६/-	९/-	७/-	०/९१	४५६३
३१०-०७६/१/२६	देब्रेखोला क्वामिन गुर्जेल खयरघारी चिलाउने टार सिंचाइ योजना	सिमेण्ट	३४६ बोरा	९७५/-	७२०/-	२५५/-	३३/१५	११४७०
०१-०७६/२/३१	सिंचाइ कुलो मर्मत, वडा नं. १	सिमेण्ट	३३७ बोरा	९७५/-	७२५/-	२५०/-	३२/५०	१०९५३

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.

१८-०७६/२/३२	दोभानटार चुदारपाखा सिंचाइ कुला	सिमेण्ट	२५३ बोरा	९७५/-	७००/-	२७५/-	३५/७५	९०४५
२३-०७६/३/०१	सिंचाइ कुलो मर्मत, वडा नं. ८	सिमेण्ट	२२४ बोरा	९७५/-	६४८/-	३२७/-	४२/५१	९५२२
१२६-०७६/३/२२	विन्ध्यवासिनी मन्दिर निर्माण, वडा नं. १	सिमेण्ट	१३० बोरा	९७५/-	७६५/-	२१०/-	२७/३०	३५४९
१५३-०७६/३/२४	ढुंग्रेगढी संरक्षण वडा नं. १०	सिमेण्ट	३३० बोरा	९७५/-	७०७/-	२६८/-	३४/८४	११४९७
							जम्मा	६८१८४/-

५९. **बिजक जारी नगरेको –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर दर्ता भएको व्यक्ति वा फर्मले बिजक जारी बिजक जारी गर्नुपर्ने र त्यसरी बिजक जारी नगरेको अवस्थामा दफा २९ अनुसार हरेक पटक रु. ५ हजार जरिवाना हुने व्यवस्था छ ।

कार्यालयले विभिन्न सडक निर्माण योजना निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता गरे तापनि सडक खन्ने कार्यको लागि उपभोक्ता समितिले अन्य फर्म/निर्माण कम्पनीहरुको हेभी इक्विपमेण्ट/मेशिन प्रयोग गर्ने गरेकोमा मू.अ.कर दर्ता भएका कतिपय त्यस्ता व्यक्ति, फर्मले मू.अ. कर बिजक जारी नगरी रकम बुझिलिएको भर्पाई मात्र पेश गरेको पाइयो । यसरी निर्धारित ढाँचाको बिल, बिजक जारी नहुँदा त्यस्ता फर्मको बिक्री खातामा कारोबार रकम प्रविष्टि नहुने र मू.अ.करको साथै आयकर समेत छलिने सम्भावना रहने हुँदा निर्धारित ढाँचाको बिल, बिजक जारी भएको अवस्थामा मात्र भुक्तानी गर्ने व्यवस्था हुने गरी आन्तरिक नियन्त्रण सुदृढ पार्नु पर्ने देखिन्छ साथै देहाय अनुसारका फर्मबाट निम्नानुसारको कारोबारमा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने हुनुपर्ने रु. ०/-

गो.भौ.न./मिति	योजनाको नाम	फर्मको नाम	स्थायी लेखा नम्बर	भुक्तानी रकम	समावेश भएको मू. अ. कर रकम
५५-०७५/११/८	फेदी लम्सार, हलीडाँडा ढाडेबैंसी	भर्पाईमा फर्मको नाम उल्लेख नभएको	उल्लेख नभएको	३१४५००	३६१८१
६७-०७५/१०/१४	गैरी वरभञ्ज्याङ्ग मूल डाँडा	" "	उल्लेख नभएको	३२००००	३६८१४
५६-०७५/१०/९	साठीमुरे चिलाउनेटार खोल्मेडाँडा	" "	उल्लेख नभएको	४२००००	४८३१९
२१७-०७६/१/०३	फेदी लम्सार, हलीडाँडा ढाडेबैंसी	" "	उल्लेख नभएको	३१४५००	३६१८१
				जम्मा	१५७४९५/-

६०. भौ.नं.१२९ मिति २०७६/३/२३ बाट वडा नं. १० मा गरिबी निवारण आयमूलक कार्यक्रम अन्तर्गत ४० वटा बाख्रा, २० वटा बंगुर वितरण गरे वापत श्री लिला रमौलीलाई रु.५७६,०००/- भुक्तानी दिएकोमा पशु सेवा कार्यालय वा अनुमती प्राप्त भेटेरीनरी पशु चिकित्सकबाट बाख्रा र बंगुरको नश्ल परीक्षण, स्वास्थ्य परीक्षण र तौल प्रमाणित गरिएको रिपोर्ट संलग्न रहेको छैन । साथै उक्त बाख्रा र बंगुरको पशु बिमा समेत गराएको छैन । बाख्रा र बंगुर वितरण गर्दा अनिवार्यरुपमा नश्ल तथा स्वास्थ्य परीक्षण गर्नुका साथै पशु बिमा गर्न लगाउनु पर्दछ ।

६१. **मू.अ.कर कट्टी नगरेको –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को (२१ औं संशोधन-२०७६।२।१५) को नियम ६ग (१) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ, संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मू.अ.कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने मू.अ.कर वापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका फर्महरुलाई निम्न वस्तु, सेवा तथा कार्यको लागि भुक्तानी गर्दा उक्त व्यवस्था अनुसार ५० प्रतिशतले हुन आउने रकम कट्टी नगरी मू.अ.कर वापतको पुरै रकम भुक्तानी गरेको पाइकोले देहाय अनुसार हुने मू.अ. करसमायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

भौ.नं./मिति	कार्य विवरण	फर्मको नाम	भुक्तानी भएको मू.अ.कर	५०प्रतिशतले हुने रु.
१७४-०७६/३/२७	भिमस्थान साखामाडी सडक ग्राभेल	अमर कन्स्ट्रक्सन (६०८९५४०३५)	५७,४८४/-	२८७४१
१७४-०७६/३/२७	लम्पन्टार - आम्बोटे सडक खण्ड ग्राभेल	थापा कन्स्ट्रक्सन सर्भिसेज (३०५६८०५६९)	५७,५३२/-	२८७६६
१७४-०७६/३/२७	चकमके तिलपुङ्ग सडक निर्माण खण्ड	पुलामी निर्माण सेवा (३००१५४८०३)	५७,३१०/-	२८६५५
१८१-०७६/३/२९	सिमिटार आलेखोप सडक निर्माण	थापा कन्स्ट्रक्सन सर्भिसेज (३०५६८०५६९)	५६,५७५/-	२८२८८
			जम्मा	११४४५०/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.

६२. **खोर सुधार अनुदान :** गाउँपालिकाको पशु शाखाबाट विभिन्न समुहहरुलाई खोर सुधारको लागी सहयोग गरिएको छ । विभिन्न वडाहरुबाट बाखा र बंगुर फर्मलाई छनौट गरी खोर सुधार गर्न अनुदान दिइएको पाइयो । साथै सबै वडाहरुबाट किसान छनौट गरी बाखा र बँगुरको खोर सुधारका लागी पनि अनुदान दिइएकोमा प्राय : धेरै फर्महरु २०७६ जेष्ठ महिनामा गाउँपालीकामा दर्ता भएका र अनुदान लिएको पाइयो । यसले गर्दा ति फर्महरुलाई गरिएको अनुदान खोर सुधारकालागी नभई नयाँ खोर निर्माणको लागी वितरण गरिएको जस्तो देखिन्छ । कार्यालयले अनुदान वितरण गर्दा पहिले देखी फर्म स्थापना गरी बाखा र बँगुर पालन गरि राखेको किसानहरु लाई वितरण गर्दा अझ प्रभावकारी हुने देखिन्छ । कार्यालयले वितरण गरेको रु. २४ लाख अनुदान प्राप्त गर्ने फर्म र किसानहरुले खोर बनाए नबनाएको र बाखा तथा बँगुर पालन गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । कार्यालयले वितरण गरेको अनुदान देहाय वमोजिम रहेको छ ।

सि.नं.	व्यहोरा	संख्या	अनुदान दर	अनुदान रकम
१	**फर्महरुलाई अनुदान**			
	बँगुर पालन फर्म	११	५००००	५५००००
	बाखा पालन फर्म	२२	५००००	११०००००
२	**व्यक्तिगत अनुदान**	**जम्मा**		**१६५००००/-**
	बँगुर पालन फर्म	३३	१००००	३३००००
	बाखा पालन फर्म	४२	१००००	४२००००
जम्मा				**७५००००/-**

साथै बाखाको खोर सुधार कार्य अन्तर्गत वडा नं. २ मा किसान श्री शेर बहादुर विश्वकर्मा सिफारिस भएकोमा वडा कार्यालयले निजको ठाउँमा किसान श्री धन बहादुर विश्वकर्माको नाम सिफारिश गरेको छ । तर, अनुदान रकम रु. १०,०००/- श्री शेर बहादुर विश्वकर्माले नै बुझेको भरपाई रहेकोले यस सम्बन्धमा छानविन गरि सम्बन्धित लाई भुक्तानी हुनुपर्ने रु.

बेरुजू रकम रु. १०,०००/-

६३. **सवारी साधन खरिद –** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाउँ पालिकाले यस वर्ष डबल क्याब पिकअप थान १ र ब्याक हो लोडर थान १ खरिद गरी निम्नानुसार रु. २४ लाख ४९ हजार खर्च खर्च लेखेको छ ।

गो.भौ.न./मिति	विवरण	संख्या	आपूर्तिकर्ताको नाम	रकम रु.
८१-०७५/११/३०	डबल क्याब पिकअप	१	अग्नि इन्कर्पोरेटेड प्रा.लि.	२४,४९,०००/-

संघीय सशर्त अनुदान चालु खर्च (शिक्षातर्फ)

६४. **अवकाश पछिको तलब भत्ता :** विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता निकासा दिँदा सेवामा वहाल रहेका शिक्षक तथा कर्मचारीको माग फारमका आधारमा मात्र तलव भत्ता निकासा दिनु पर्दछ । मा.वि. बाडफेदीका प्रा.वि. द्वितिय तह शिक्षक श्री टिका बहादर कार्की मिति २०७५/८/७ मा अवकाश हुनु भएको मा निजको नाममा दोश्रो चौमासिक तलव भत्ता रु. १३०२२६/- पूरै निकासा दिएको छ । २०७५/८/६ सम्मको रु.६,५११/- मात्र तलब भत्ता निकासा हुनुपर्नेमा अवकाश अवधि पछिको रु.१२३७१५/- समेत निकासा भएको हुँदा अवकाश पछिको तलव भत्ता असुल गरी दाखिला हुनुपर्ने रु.

बेरुजू रकम रु. १,२३,७१५/-

६५. **नव नियुक्त शिक्षकलाई बढी निकासा :** विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता निकासा दिँदा सेवामा वहाल रहेका शिक्षक तथा कर्मचारीको माग फारमका आधारमा मात्र तलव भत्ता निकासा दिनु पर्दछ । मा.वि. हलिडाँडामा २०७६/१/९ मा नयाँ नियुक्त हुनु भएका शिक्षक श्री अम्बिका आलेको नाममा बैशाख, जेठ र असारको समेत रु.६५,२५९/- निकासा हुनुपर्नेमा तेश्रो चौमासिक निकासा दिँदा निजको नाममा रु.१,०६,६८०/- निकासा पठाएको हुँदा बढी निकासा भएको रु.४१,४२१/- असुल गरी दाखिला हुनुपर्ने रु.

बेरुजू रकम रु. ४१,४२१/-

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>६६.</td><td>बढी निकासा : विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता निकासा दिँदा सेवामा वहाल रहेका शिक्षक तथा कर्मचारीको माग फारमका आधारमा मात्र तलव भत्ता निकासा दिनु पर्दछ । मा.वि. हलिडाँडामा २०७५/१२/२९ मा स्थायी नियुक्ति भएको शिक्षक हर्क बहादुर बस्नेतलाई चैत्र २८ सम्म रु. २३,०२५/-, चैत्र २९-३० सम्मको १,८१९/-, पोशाक भत्ता रु.१०,०००/- र बैशाख देखी असार सम्मको तलब भत्ता वापत रु. ८१,८६१/- समेत जम्मा रु. १,१६,७०५/- निकासा दिनुपर्नेमा रु. १,४३,०२४/- निकासा दिएको देखिन्छ । बढी निकासा दिएको तलव भत्ता वापतको रकम असुल गरी दाखिला हुनुपर्ने रु.</td><td>२६,३१९/-</td></tr>
<tr><td></td><td>साना सिंचाई कार्यक्रम तर्फ</td><td></td></tr>
<tr><td>६७.</td><td>बिल बेगर भुक्तानी : प्रोभिजनल सम वापतको रकम भुक्तानी दिँदा वास्तविक खर्चको आधारमा भुक्तानी दिनु पर्दछ । साना सिंचाई कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरुमा बिमा वापतको रकम भुक्तानी गर्दा बिमा प्रिमियम तिरेको बिल पेश नगरी भुक्तानी गरेको देखियो । वास्तविक बिल भरपाई पेश नगरी भुक्तानी गरेको उक्त प्रोभिजन सम वापतको रकम रु.१,४२,१५७/- नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>योजनाको नाम</th><th>बिमा वापत भुक्तानी रु</th><th>विमाको बिल रु.</th><th>बढी भुक्तानी रु.</th></tr>
<tr><td>तिनसिम्ले सहरे सिंचाई</td><td>९००००</td><td>-</td><td>९००००</td></tr>
<tr><td>फेदीखोला सिंचाई योजना</td><td>५२१५७</td><td>-</td><td>५२१५७</td></tr>
<tr><td>जम्मा</td><td>१४२१५७</td><td>-</td><td>१४२१५७</td></tr>
</table></td><td>१,४२,१५७/-</td></tr>
<tr><td></td><td>स्थानीय पूर्वाधार क्षेत्रगत विकास कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>६८.</td><td>बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ। भौ.नं. १ मिति २०७६/३/७ बाट पुल्चोक-लायो सडक स्तरोन्नती कार्यको लागि रु.१७,००,०००/- बजेट विनियोजन गरी कन्टिन्जेन्सी बाहेक रु. १६,३२,०००/- भुक्तानी गर्दा देहायका आइटमहरु नापी किताबमा भएको भन्दा प्राविधिक विलमा बढी चढाई भुक्तानी गरेको हुँदा रु.५,८२,०००/- बढी बिल उठाई भुक्तानी भएको छ । नापी किताब भन्दा बढी परिमाणको प्राविधिक बिल तयार पारी भुक्तानी भएको रकम रु.४७५११४/- (उपभोक्ताको अंश र कन्टिन्जेन्सी बाहेक) असुल हुनुपर्ने रु.
<table>
<tr><th>आइटनम नं.</th><th>कामको विवरण</th><th>नापी किताबको परिमाण</th><th>प्राविधिक बिलको परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>रकम रु.</th></tr>
<tr><td>1.</td><td>E/W excavation in:</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>1.1</td><td>Ordinary soil</td><td>२१०५.७१</td><td>२२४१.६१</td><td>१३५.९</td><td>६५.०२</td><td>८८३६</td></tr>
<tr><td>1.2</td><td>Hard soil</td><td>१५३१.४३</td><td>३५८१.५०</td><td>२०५०.०७</td><td>७८.१५</td><td>१६०२१३</td></tr>
<tr><td>1.3</td><td>Ordinary rock</td><td>१९१.४३</td><td>३५३७.२७</td><td>३३४५.८४</td><td>१०५.५६</td><td>३५३१८७</td></tr>
<tr><td>2.</td><td>E/W excavation for structure</td><td>१०१.७</td><td>२६९.५०</td><td>१६७.८</td><td>३६०.५०</td><td>६०४९२</td></tr>
<tr><td colspan="6" align="right">जम्मा</td><td>५८२७२८</td></tr>
<tr><td colspan="6" align="right">उपभोक्तको अंश</td><td>८७८१७</td></tr>
<tr><td colspan="6" align="right">कार्यालयबाट भुक्तानी</td><td>४९४९१०</td></tr>
<tr><td colspan="6" align="right">कन्टिन्जेन्सी</td><td>१९७९६</td></tr>
<tr><td colspan="6" align="right">खुद भुक्तानी</td><td>४७५,११४/-</td></tr>
</table></td><td>४,७५,११४/-</td></tr>
<tr><td>६९.</td><td>माटो र चट्टानको अनुपात परिवर्तन : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) बमोजिम खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि करारका शर्त बमोजिम भुक्तानी गर्नु पर्दछ । रुचानी छर्छरे बाबाधाम रिठ्ठे सडक निर्माण कार्यको लागि उपभोक्ता समितिसँग रु.२२,६२,६३५/- को सम्झौता गरी रु.२२,६२,८७२/- को कार्य सम्पन्न भएका आधारमा रु.२०,००,०००/- भुक्तानी गरेको छ। नयाँ ट्याक खन्ने काम रहेको उक्त सडक निर्माण कार्यमा लागत अनुमान तयार गर्दा निर्धारण गरेको नरम माटो, कडा माटो, नरम चट्टान र कडा चट्टानको अनुपात कामको नापजाँच गर्दा परिवर्तन गरी प्राविधिक बिल तयार पारेको देखिन्छ । माटो कटिङ्गको कार्यमा</td><td></td></tr>
</table>

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.

लागत अनुमान तयार पार्दा निर्धारण गरेको माटो र चट्टानको अनुपातमा परिवर्तन गर्नु परेमा पर्याप्त प्राविधिक पुष्ट्याइँ सहित अधिकार प्राप्त अधिकारीको स्वीकृतीमा मात्र परिवर्तन गर्न सकिन्छ । पर्याप्त पुष्ट्याई बेगर माटो र चट्टानको अनुपात परिवर्तन गरी बिल भुक्तानी गर्दा देहाय अनुसार रु. ५९,४९३/- बढी भुक्तानी हुन गएको छ । माटो र चट्टानको अनुपात परिवर्तन गर्नुपर्ने पर्याप्त पुष्ट्याइँ पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु. ५९,४९३/-

कामको विवरण	लागत अनुमान		दर	नापी भएको		नापी हुनपर्ने		फरक परिमाण	फरक रकम
	अनुपात	परिमाण		अनुपात	परिमाण	अनुपात	परिमाण		
१. रुचानी छर्छरे बाबाधाम रिट्ठे सडक									
माटो खन्ने काम	**१००**	**२८५११**		**१००**	**२७९७२**		**२७९७२**		
नरम माटो	४२.७०	१२१७४	६५.०२	४१.०४	११४७९.५९	४२.७०	११९४४.०५	-४६४.४५८	-३०१९९
कडा माटो	४७.०१	१३४०४	७८.१५	४२.७०८	११९४६.२७	४७.०१	१३१४९.६४	-१२०३.३७	-९४०४४
नरम चट्टान	८.०९	२३०७	१०५.५६	१२.९६५	३६२६.४९	८.०९	२२६२.९३६	१३६३.५५४	१४३९३७
कडा चट्टान	२.२०	६२५.९	१३०.८	३.२८७८	९१९.६६	२.२०	६१५.३८४२	३०४.२७५८	३९७९९
जम्मा									**५९४९३**

७०. **बिमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च वापतको बिमा गराउनु पर्ने र यस्तो बिमाको अवधि निर्माण स्थल सुम्पिएको मितिदेखी मर्मत सम्भार अवधिसम्मका लागि हुनुपर्ने व्यवस्था छ । गाउँपालिका मार्फत यो वर्ष दश लाख रुपैयाँ भन्दा बढी मूल्यका देहायका निर्माण कार्य गराउँदा निर्माण व्यवसायीले निर्माण कार्यको बिमा गराएको देखिएन । दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्यमा अनिवार्य रुपमा बिमा गराउनु पर्दछ ।

ठेक्का नं.	निर्माण कार्य	निर्माण व्यवसायी	सम्झौता रकम रु.
४/२०७५/७६	वडा नं. २ स्वास्थ्य चौकी भवन निर्माण	पाखिन/सलाम जे.भी	५५९९४३२
५/०७५/७६	वडा नं. १० स्वास्थ्य चौकी भवन निर्माण	हिमगंगा विल्डर्स	५५७११२८
६/०७५/७६	वडा नं. ११ महिला सञ्जाल भवन निर्माण	तिमिलसिना निर्माण सेवा	२८६५९७५
७/०७५/७६	वडा नं. ४ स्वास्थ्य चौकी भवन निर्माण	पुलामी निर्माण सेवा	५६४८७१३

७१. **एज बिल्ट ड्रइङ पेश नगरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा पेश गर्नुपर्ने व्यवस्था छ । साथै देहायका निर्माण कार्यको खरिद सम्झौताको एससिसि ५६.१ र ५६.२ मा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएपछि एज बिल्ट ड्रइङ पेश गर्नु पर्ने र एज विल्ट ड्रइङ्ग पेश नगरेमा सम्झौता रकमको ५ प्रतिशत वातको रकम रोक्का (विद होल्ड) राखी अन्तिम बिलको भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण कार्यको अन्तिम बिल भुक्तानी गर्दा एज विल्ट ड्रइङ्ग पेश गरेको छैन । सम्झौता बमोजिम एज बिल्ट ड्रइङ्ग पेश नगरे वापत रोक्का राख्नु पर्ने रकम रु.

ठे.नं.	निर्माण कार्य	निर्माण व्यवसायी	सम्झौता रकम	एज विल्ट ड्रइङ्ग वापत रोक्का राख्नु पर्ने रु.
५/०७५/७६	वडा नं. १० स्वास्थ्य चौकी भवन निर्माण	हिमगंगा विल्डर्स	५५७११२८	२७८५५६
७/०७५/७६	वडा नं. ४ स्वास्थ्य चौकी भवन निर्माण	पुलामी निर्माण सेवा	५६४८७१३	२८२४३६
जम्मा				**५६०९९२**

७२. **अन्य निकायको बिल भुक्तानी :** नगरपालिकाले देहायका निकायहरुलाई यो वर्ष आर्थिक सहयोग गरेको देखियो ।

गो.भौ.नं. र मिति	निकाय	प्रयोजन	रकम
१०६-२०७६/०३/१९	सारथि कृषि सहकारी सस्था	कार्यालय व्यवस्थापन	१५००००
१०७-२०७६/०३/१९	तिपपनटन युवा क्लब	भवन मर्मत	५००००
१०८-२०७६/०३/१९	अध्यनशील सिकाई केन्द्र	विभिन्न सामाग्री खरिद	२०००००
११०-२०७५/०३/२०		सामाजिक परिचालक तलब	१०००००
१०९-२०७६/०३/१९	मिर्मिरे बिहानी लालीगुराँस युवा क्लब	भवन निर्माण	१०००००

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
	जम्मा — ६०००००/-	
	जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम	
७३.	यस गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ता वापत रु. ५,५६,५५,०००/- खर्च गरेकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् :	
७३.१.	**नगद वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २२ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्ताको रकम वडा सचिवहरुको बैंक खातामा पेश्की पठाई वडा सचिवहरुले हातहातै लाभग्राहीहरुलाई वितरण गरेको देखिन्छ । हातहातै नगद वितरण गरी औंठा छाप लगाएको भरपाईको आधारमा पेश्की फछ्र्यौट गर्ने गरेको छ । कार्यविधिले हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था गर्दा गर्दै पनि नगद वितरण गर्ने गरेको देखिएकाले यथाशिघ्र यस्तो कार्य बन्द गरी लाभग्राहीको बैंक खाता मार्फत मात्र रकम वितरण गर्ने व्यवस्था गर्नु पर्दछ ।	
७३.२.	**विवरण अद्यावधिक नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १९ मा केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेबारी सम्बन्धित स्थानीय तहको हुने व्यवस्था छ । यस कार्यालयबाट सामाजिक सुरक्षा वितरण गरिने लाभग्राहीको केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा देखिएको र रकम वितरण भरपाईमा देखिएको विवरण मेल खाएको देखिँदैन । विगत देखी भत्ता रकम वितरण हुँदै आएका तर लगतमा नाम नभएका कतिपय लाभग्राहीलाई रकम वितरण गरेको देखिन्छ । केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा भएको लगतबाट नै रकम वितरण भरपाई तयार पारी सोही बमोजिम मात्र रकम वितरण गर्नु पर्दछ । लगतमा नभएको व्यक्तिको नाम भरपाईमा हुने, भरपाईमा हातले नाम थप्ने जस्ता काम गरेको देखिएकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण पारदर्शी र अद्यावधिक छ भन्ने सकिने अवस्था छैन । अनुगमन तथा मूल्याङ्कन समितिले विवरण अद्यावधिक गर्न लगाई सोही विवरण बमाजिम मात्र रकम वितरण गर्ने तर्फ ध्यान जानु पर्दछ ।	
७३.३.	**अनुगमन तथा निरीक्षण नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ८ मा अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गरेको छ । जस अनुसार सामाजिक सुरक्षा तथा जेष्ठ नागरिक कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्न, स्थानीय स्तरको अनुगमन तथा मूल्याङ्कन समिति बनाई उक्त समितिले यस कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्ने, लाभग्राहीको अभिलेख निरीक्षण गर्ने, लाभग्राहीसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गर्ने, सेवा प्रभावकारी भए नभएको जानकारी हासिल गर्ने, वडा कार्यालयबाट भएका सार्वजनिक सुनुवाईको प्रतिवेदन अध्ययन गरी प्राप्त सुझाव कार्यान्वयनको समिक्षा गर्ने, कार्यक्रम सम्बन्धमा अनियमितता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागि सिफारिश गर्ने, सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान भए नभएको बारे अध्ययन गरी गर्नुपर्ने सुधारका विषयमा सुझाव दिने लगायतका काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ । कार्यालयबाट सामाजिक सुरक्षा वापतको रकम वडा सचिवहरुमार्फत नगदै वितरण गर्ने गरेका कारण वडा सचिवहरुलाई समेत जोखिम भएको भन्ने बारम्बारको गुनासोलाई सम्बोधन नगरेको, कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण हुने नगरेको साथै लाभग्राहीहरुसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गरी सुधारका लागि सुझाव दिने गरेको समेत देखिएन । कानुनले निर्धारण गरेको काम, कर्तव्य अधिकारको सही प्रयोग गरी अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।	
७३.४.	**दोहोरो भुक्तानी :** वडा नं. ६ का वडा सचिव श्री रविन कुमार सुवेदीको २०७४/७५ को तेश्रो चौमासिक, २०७५/७६ को पहिलो र दोश्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जेष्ठ नागरिक अन्यबाट राम बहादुर पुलामी - जन्म मिति १९९९/१२/३०) लाई एकै व्यक्तिलाई दोहोरो भत्ता वितरण गरेको छ । यसरी एकै व्यक्तिलाई दोहोरो भत्ता भुक्तानी गरेको रु.८,०००/- को दरले ३ चौमासिकको रु. रु.२४,०००/- असुल गरी दाखिला गर्नुपर्ने रु.	२४,०००/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
७३.५.	वडा नं. ११ का वडा सचिव श्री चेत बहादर रमौलीको २०७४/७५ को तेश्रो चौमासिक, २०७५/७६ को पहिलो र दोश्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अभिलेखमा मृत्यु भई सकेको देखिएकोमा निजहरुका लगत कट्टा गरेकोमा कुन मितिमा मृत्यु भएको हो स्पष्ट खुलाइएको छैन । मृत्यु भै लगतकट्टा गरिएका व्यक्तिहरुको मृत्यृ भएको मिति नखुलाइएका उदाहरणहरु देहाय अनुसार छन् ।	

क्र.सं.	लाभग्राहीको नाम	जन्म मिति	लाभग्राहीको किसिम	भुक्तानी रकम	चौमासिक
१.	विष्णु माया बोगटी	१९८६/१२/३०	जेष्ठ अन्य	२४०००	३
२.	कर्णबहादुर खत्री	१९८७/१२/३०	जेष्ठ अन्य	२४०००	३
३.	कालिमाया खुलाल मगर	१९९९/१२/३०	जेष्ठ अन्य	२४०००	३
४.	तिलामाया रानामगर	१९८९/१/१०	जेष्ठ अन्य	२४०००	३
५.	सावित्री काफ्ले	१९९४/१०/१४	जेष्ठ अन्य	२४०००	३
६.	गुन्ज किङरिङ	१९९९/१२/३०	जेष्ठ अन्य	२४०००	३
७.	सेते थिङ तामाङ	१९८९/१२/३०	जेष्ठ अन्य	२४०००	३
८.	कृष्ण कुमारी खत्री	१९९४/१०/१४	जेष्ठ अन्य	२४०००	३
९.	ज्ञानमाया पुलामी	१९९८/१२/३०	जेष्ठ अन्य	२४०००	३
१०.	कालिमाया थिङ	१९९०/६/१	जेष्ठ अन्य	२४०००	३
११.	दलविर कामी	१९९३/१२/३०	जेष्ठ दलित	२४०००	३
१२.	अमृत बहादुर कामी	१९९७/१२/३०	जेष्ठ दलित	२४०००	३

७३.६.	सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अभिलेख राख्ने किताब (ढड्डा) मा देहायका व्यक्तिहरुको नाम नरहे तापनि रु. ६४,०००।- सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । निजहरु लाभग्राही हुन् वा होइनन् छानबिन हुनु पर्दछ ।	

क्र.सं.	भुक्तानी लिनेको नाम	जन्म मिति	किसिम	रकम	कैफियत
१.	सबी कार्की	१९९५/१२/३०	जेष्ठ अन्य	३२०००/-	आ.व.२०७४/७५ को अन्तिम चौमासिक र २०७५/७६ को ३ चौमासिक
२.	प्रेम कुमारी खुलाल	२००३/१२/३०	जेष्ठ अन्य	३२०००/-	आ.व.२०७४/७५ को अन्तिम चौमासिक र २०७५/७६ को ३ चौमासिक

	तीनपाटन गाउँपालिका चालु खर्च	
७४.	**पदाधिकारी पारिश्रमिक :** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार कार्यालयले गाउपालिका अध्यक्षलाई मासिक रु ३०,०००/-, गाउँपालिका उपाध्यक्षलााई मासिक रु ३०,०००/-, कार्यपालिकाका सदस्यहरुलाई मासिक रु.५,०००/- र गाउँसभाका सदस्यहरुलाई मासिक रु. ५,०००/- दरले यस वर्ष सुविधा वापत रु. ६०,१२,०००।- उपलब्ध गराएको पाइयो ।	

क.स.	पद	भुक्तानी रकम
१	अध्यक्ष	३,६०,०००/-
२	उपाध्यक्ष	३,००,०००/-
३	वडा अध्यक्ष (वडा नं १ देखी ११ सम्म)	२६,४०,०००/-
४	कार्यपालीका सदस्य	४,३२,०००/-
५	वडा सदस्य (वडा नं १ देखी ११ सम्म)	२२,८०,०००/-
	जम्मा	०/-

७५.	**कार्यपालिका न्यायिक समिति सदस्यलाई सुविधा :** बाग्मती प्रदेश सभाले बनाएको "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन", २०७५ ले गाउँ कार्यपालीका सदस्यहरु लाई मासिक रु. ६,०००/- र अन्य वडा सदस्यहरुलाई मासिक रु. ५,०००/- सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । गाउँपालीकाको गाउँकार्यपालिकाको मिति २०७५/०६/२५ को बैठकले कार्यपालीका सदस्यहरुलाई प्रति महिना रु. १०,०००/- र न्यायीक समितिका सदस्यहरु दुई जनालाई प्रति महिना रु. १०,०००/- भुक्तानी गर्ने निर्णय गरेको छ। प्रदेशले बनाएको ऐनको सुविधा सम्बन्धी व्यवस्था भन्दा कार्यपालिका सदस्यलाई प्रति महिना रु. ४,०००/- र न्यायीक समिति सदस्यलाई प्रति महिना रु. ५,०००/- का दरले बढी भुक्तानी गरेको पाइयो । यसरी देहायका पदाधिकारीलाई प्रदेश कानूनले तोकेभन्दा बढी हुने गरी भएको भुक्तानी असूल हुनुपर्ने देखिएको रु.	४,०८,०००/-

सि.नं.	पद	पदाधीकारी नाम थर	बढी भुक्तानी दर प्रति महिना	जम्मा भुक्तानी (एक बर्ष)

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.

१	कार्यपालिका सदस्य	श्री दुध कुमारी ठकुरी	४,०००/-	४८,०००/-
२	कार्यपालिका सदस्य	श्री देवमाया श्रेष्ठ	४,०००/-	४८,०००/-
३	कार्यपालिका सदस्य	श्री जगदिश्वर तोलाङ्गी	४,०००/-	४८,०००/-
४	कार्यपालिका सदस्य	श्री भगवती कुमारी श्रेष्ठ	४,०००/-	४८,०००/-
५	कार्यपालिका सदस्य	श्री गीतामाया थापा मगर	४,०००/-	४८,०००/-
६	कार्यपालिका सदस्य	श्री टेक बहादुर परियार	४,०००/-	४८,०००/-
७	न्यायीक समिति सदस्य	श्री फडिन्द्रनाथ अधिकारी	५,०००/-	६०,०००/-
८	न्यायीक समिति सदस्य	श्री गीता बोगटी	५,०००/-	६०,०००/-
जम्मा				**0/-**

७६. **बैठक भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ४ तथा अनुसुची १ मा न्यायिक समिति, विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यहरुले मात्र बैठक भत्ता पाउने उल्लेख छ । तर गाउँ कार्यपालिका कार्यालयले नगर कार्यपालिकाको बैठक, वडा समितिको बैठक लगायतमा भत्ता भुक्तानी गरी यस वर्ष देहाय अनुसार रु. १,३७,५००/- खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

सि.नं.	बैठकको विवरण	बैठक संख्या	गो.भौ.र मिति	भुक्तानी रकम
२	कार्यपालिका बैठक	१४१	४७-२०७५/०७/१८	१३७५००
जम्मा				**१३७,५००/-**

७६.१. **सभा तथा बैठक खर्च :** गाउँ सभाले विभिन्न मितिमा बसेका कार्यपालिका बैठक, गाउँ सभा र अन्य बैठक संचालन गर्न देहाय अनुसार खर्च लेखेको पाइयोः–

गो.भौ.नं. र मिति	विवरण	रकम
४७-२०७५/०८/१८	श्रावण देखी असोज सम्मसंचालित कार्यपालिका बैठकको खाजा र यातायात खर्च	४४७००/-
७५-२०७५/०८/०६	श्रावण देखी असोज सम्मसंचालित कार्यपालिका बैठकको खाजा	७८६०५/-
१५८-२०७५/१०/१०	कार्तिक देखी पौष सम्म संचालित कार्यपालिका बैठकको खाजा	१३४४७५/-
२४८-२०७५/१२/१२	श्रावण देखी असोज सम्म कार्यपालिका बैठकको खाजा	९८५९५/-
२७५-२०७५/१२/२८	पौष देखी चैत्र सम्म कार्यपालिका बैठक	७९७९०/-
३०७-२०७६/०१/१६	विभिन्न सभा संचालनमा खाजा खर्च	१९१४५/-
३२४-२०७६/०१/२७	विभिन्न सभा संचालनमा खाजा खर्च	९६९३०/-
३८-२०७६/०३/२८	दोस्रो गाउँ सभा, नीति कार्यक्रम र अन्य बैठकमा खाजा खर्च	६९३३३०/-
विभिन्न	गाउँपालिकाको सम्पुर्ण वडामा तिज मनाउनेकार्यको र्खा	११००००/-
जम्मा		**0/-**

७७. **कर्मचारी प्रोत्साहन भत्ता :** तीनपाटन गाउँ कार्यपालिकाको २०७५/०६/२५ निर्णयानुसार कार्यालयमा अतिरिक्त समय काम गर्ने कर्मचारीहरुलाई अतिरिक्त समय भत्ता प्रदान गर्ने निर्णय गरेको पाइयो । सो बैठकको निर्णय अनुसार अधिकृत स्तरका कर्मचारीलाई मासिक रु. १५,०००/-, ना.सु. स्तरका कर्मचारीहरुलाई मासिक रु. १२,०००/-, खरिदार स्तरका कर्मचारीलाई मासिक रु. ११,०००/-, कार्यालय सहयोगी स्तरका कर्मचारीलाई मासिक रु. ६,०००/- र प्राविधिकहरुलाई मासिक रु. ८,०००/- भुक्तानी गर्ने उल्लेख छ । निर्णय अनुसार यस वर्ष विभिन्न पदका १६ जना कर्मचारीहरुलाई अतिरिक्त समय काम गरे वापत रु. ६,२०,०५६/- भुक्तानी गरेको पाइयो । यसरी अतिरिक्त समय भत्ता भुक्तानी गर्दा स्पष्ट मापदण्ड र सूचक निर्माण गरी भुक्तानी गर्नुपर्ने देखिन्छ ।

७८. **कर कट्टी नभएको :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा वासिन्दा व्यक्तीलाई नेपालमा स्रोत भएको सेवा शुल्क वापतको भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने उल्लेख छ । स्वास्थ्य संयोजक श्री रामबेचन शाहले बर्थिङ्ग सेन्टरमा काम गर्ने अ.न.मी. हरुलाई रात्री भत्ता वितरणको लागी लिएको पेश्की रु. १,००,०००/- फछ्र्यौट गर्दा जम्मा १५ जना अ.न.मी. को जम्मा ६५९ दिनको प्रति दिन रु. १५० का दरले कुल रु. ९८,८५०/- भुक्तानी गरेको पाइयो । सेवा शुल्क वापत को भुक्तानीमा १५ प्रतिशतका दरले हुने कर रु. १४,८२८/- कट्टी गरेको पाइएन । कर कट्टी वापतको रु. १४,८२८/- राजश्व दाखिला गरी भौचर पेश हुनुपर्ने रु. १४,८२८/-

७९. **परामर्श सेवामा थप ओभरहेड –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम (४) सँग सम्बन्धित अनुसूची १क (परामर्श सेवाको लागत अनुमानको ढाँचा) अनुसार जनशक्तिको पारिश्रमिक, भ्रमण, बसोबास, मालसामान वा उपकरण, तालिम, गोष्ठी छपाई, मसलन्द लगायतको कूल

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
	लागत गणना पछि सो को ५ प्रतिशतले हुन आउने रकम व्यवस्थापन खर्च वापत समावेश गर्न पाउने व्यवस्था छ । तर कार्यालयले सडक संरचनाको सर्वे, डि.पि.आ कार्यको लागत अनुमान तयार गर्दा त्यस्तो खर्च वापत १० प्रतिशत राखेको र सोही आधारमा सम्झौता भई ओभरहेड वापत थप १० प्रतिशत भुक्तानी भएको छ । अतः नियममा उल्लेख भएभन्दा ५ प्रतिशत बढी भुक्तानी भएको देहाय अनुसारको रकम असूल हुनुपर्ने रु.	१,३१,८८७/-

।	सर्वे, डि.पि.आर. भएको योजनाको नाम	परामर्शदाताको नाम	भुक्तानी रु. (मू.अ.कर बाहेक)	ओभरहेड वापतको रकम (१०%)	थप ओभरहेड रु. (५%)
३-०७६/०१/१६	चदाहा करिडोर तथा चकमके जिनाखु रोडको डि.पि.आर.	इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि., काठमाण्डौं	१६,२६,०००/-	१४७,८१८/-	७३,९०९
०३-०७६/०१/१६	जिर्गाहाखोला - चकमके रोडको डि.पि.आर.	पानेरामा रिसर्च सेन्टर प्रा.लि.काठमाण्डौं	१२,७५,५००/-	१,१५,९५५/-	५७,९७८
जम्मा					१३१,८८७/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
८०.	**बढी भुक्तानी :** करारमा नियुक्ती भएका कर्मचारीहरुलाई करार सम्झौता अनुसार सेवा सुविधा भुक्तानी गरिनु पर्छ । कार्यालयले श्रावण महिनामा करारमा नियुक्ती गरेका ल्याब असिष्टेन्ट श्री गायन रमौली मगरलाई करार अवधी ६ महिना पुगेपछि १ महिना बराबरको तलब बराबरको रकम चाडपर्व खर्च वापत भुक्तानी गरिने भनि सम्झौता गरेको छ । निजलाई ६ महिना नपुगी असोज महिनाको तलब भत्ता भुक्तानी गर्दा १२,५००/- चाडपर्व खर्च समेत राखी भुक्तानी गरेको हुँदा करार सम्झौतामा उल्लेख गरेको सर्त भन्दा फरक पर्ने गरी भुक्तानी गरेको चाडपर्व खर्च वापतको भुक्तानी असुल हुनुपर्ने रु.	१२,५००/-
८१.	**हाजिरी अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(१) मा भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान हुदैन भन्ने उल्लेख छ । कार्यालयको हाजिरी पुस्तीका परीक्षण गर्दा देहायका कर्मचारीहरु कार्यालय कामकाजको लागी भ्रमण आदेश स्वीकृत गरी काजमा रहेको र उक्त अवधिमा कार्यालयमा हाजिरी गरी पछि रातो मसिले हाजिरी पुस्तीका केरेको पाईयो । यसरी हाजिरी पुस्तीकामा केरमेट गरेको अवधिको भ्रमण खर्च दाबी गरेको र सोही अनुरुप भुक्तानी भएकोले सो अवधीमा भ्रमण गरेको भन्ने एकिन हुन सकिएन । हाजिरी पुस्तिकामा केरमेट गरेको अवधिको भ्रमण खर्चका सम्बन्धमा यकिन गरी आगामी दिनमा यस किसिमको खर्च भुक्तानी नियन्त्रणमा कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	

सि.नं.	भ्रमण गर्ने पदाधिकारी	भ्रमण अवधी	भुक्तानी रकम (रु)
१	श्री राजन थापा	२०७५/६/०१ देखी २०७५/०६/०५ सम्म	६८००/-
		२०७५/०९/२५ देखी २०७५/०९/२७	३६००/-
२	श्री लिला रमौली	२०७५/०७/०५ देखी २०७५/०७/०९	५१००/-
		२०७५/०७/१२ देखी २०७५/०७/१८	७५००/-
३	श्री संजय थापा	२०७५/१०/२७ देखी २०७५/११/०२	९०००/-
४	श्री राजेन्द्र मानन्धर	२०७६/०२/०३ देखी २०७६/०२/०६	६४००/-
५	श्री संजय घिमिरे	२०७६/०१/१८ देखी २०७६/०१/२२	३६००/-
जम्मा			०/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
८२.	**दोहोरो भुक्तानी :** करारमा नियुक्ती भएका कर्मचारीहरुलाई करार सम्झौता अनुसार सेवा सुविधा भुक्तानी गरिनु पछ। कार्यालयले करारमा नियुक्त गरेका ब्याक हो लोडर चालक श्री नवराज लुङ्गेलीलाई करार सम्झौतामा उल्लेख गरेको मासिक रु. १०,०००/- का दरले २०७५ माघ र फाल्गुन महिनामा भुक्तानी भएको छ। भौ.नं. २२३/२०७५/११/२८ बाट पुनः माघ र फाल्गुन महिनाको छुट रकम वापत रु. ८,३३३/- भुक्तानी गरेको छ। साथै बैसाख महिनाको तलब भत्तामा रु. १५,०००/- भुक्तानी भएको छ। सम्झौतामा उल्लेख भए भन्दा वैसाख महिनामा रु.५०००/- र माघ फाल्गुनको छुट समेत जम्मा रु. १३,३३३/- बढी भुक्तानीको आधार पेश कुनु पर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु.	१३,३३३/-
८३.	**इन्टरनेट जडान :** गाउँपालिकाले यस वर्ष गाउँपालिका भित्रका सम्पुण वडाहरुमा ईन्टरनेट जडान गर्न कुल रु १८,६४,५००/- भुक्तानी गरेको छ । ईन्टरनेट जडानकालागी श्री युनाइटेड नेटवर्क प्रा.ली., बर्दिवासलाई जडान शुल्क, मासिक शुल्क आदीको लागत अनुमान तयार गरी पेश गर्न पठाउने व्यहोराको पत्रानुसार उक्त फर्मबाट प्राप्त लागत अनुमान अनुसार प्रति वडा रु. १,५५,३७५/- का दरले ११ वडा	

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
	र न्यायिक समितिको कार्यालय गरी १२ स्थानमा जडान भएको छ । गाउँपालिकाका विभिन्न १२ स्थानमा जडान खर्च वापत मात्र रु. १८,६४,५००/- भएकोमा यसको मर्मत सम्भार र अन्य सेवा प्रवाहको अवस्था बारे कुनै पनि वडाबाट सकारात्मक वा नकारात्मक जवाफ पेश भएको पाइएन । सेवा सञ्चालनको स्थिति र प्रभावकारिता सम्बन्धमा कार्यालयबाट अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने देखिन्छ । कार्यालयमा जडान भएको ईन्टरनेटको लागत अनुमान देहाय वमोजिम पेश गरेको पाइयो ।	

सि.नं.	कामको विवरण	संख्या	दर	जम्मा रकम
१	पावर विम	२	४०,०००/-	८०,०००/-
२	इनडोर राउटर	१	३,०००/-	३,०००/-
३	तार	२५ मिटर	४०	१,०००/-
४	जडान खर्च	१ पटक	४३,५००/-	४३,५००/-
५	सेवा वापत	१ पटक	१०,०००/-	१०,०००/-
६	भ्याट	१ पटक	१३%	१७,८७५/-
			जम्मा	**०/-**
5mbps इन्टरनेट प्रति महिना रु. ३,०००/-				

साथै, ईन्टरनेट जडान गर्ने फर्मले कार्यालयको माग अनुसारको लागत अनुमान तयार गरी पेश गर्दा 5mbps अनलिमिटेड ईन्टरनेट सेवाकालागी प्रति महिना रु. ३०००/- खर्च लाग्ने अनुमान पेश गरेको छ । तर भौ.नं.२१७-०७५/११/२३ बाट प्रत्येक वडाहरुको ६ महिनाको बिल भुक्तानीमा प्रति महिना रु. ३३९०/-का दरले भ्याट समेत थप गरी भुक्तानी भएको छ । पेश गरेको दर भन्दा बढी भरमा माग भई सोही अनुसार भएको बढी भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु.

बेरुजू रकम रु. ३४,३७५/-

गो.भौ.नं. र मिति	व्यहोरा	स्थान	हुनुपर्ने भ्याट सहित	भएको भ्याट सहित	फरक
२१७-२०७५/११/२३	5mbps अनलिमिटेड ईन्टरनेट मासिक रु. ३,०००/- का दरले ६ महिनाको	११ वडा र क्वार्टर, न्यायिक भवन गरी १३ स्थानको	२,६४,४२०/-	२,९८,७९५/-	३४,३७५/-

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
८४.	**पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावलीको नियम १२१(क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यदमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधाहरण तया प्रति दिन शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । कार्यालयले श्री पानोरामा रिसर्च सेन्टर प्रा.ली. लाई जिर्गाहा खोला चकमके सडक खण्डको र ईन्टुन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.ली. लाई चदाहा करिडोर र चकमके जिनाखु सडक खण्डको डि.पि.आर. तयार पार्ने कार्यका लागी २०७५ पौष ३ गते सम्झौता भई ३० दिनको कार्यादेश भएकोमा निर्धारीत समयमा काम सम्पन्न नगरी ढिला गरी कार्य सम्मन्न गरेको पाईएकोले निजहरुबाट ढिला अवधिको हुन आउने रु. २,२६,१५४/- असुल हुनु पर्ने रु.	२,२६,१५४/-

सि.नं.	फर्मको नाम	सम्झौता रकम	कार्यादेश मिति	सम्पन्न गर्नु पर्ने मिति	सम्पन्न मिति	ढिला दिन	दैनिक दर (रु)	जम्मा (रु)
१	श्री पानोरामा रिसर्च सेन्टर प्रा.ली., काठमाडौं	१२,७५,५००/-	२०७५/०९/०३	२०७५/१०/०२ (३० दिन)	२०७६/०१/१७	१०४ दिन	६३७	६६२४८
२	श्री इन्टेन्सीभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.ली., काठमाडौं	१६,२६,०००/-	२०७५/०९/०३	२०७५/१०/०२ (३० दिन)	२०७६/०१/१७	१०४ दिन	८१३	८४५५२
३	यातायात गुरु योजना डि.पि.आर	१३,२१,२६७/-	२०७५/०९/०३	२०७५/१०/०२ (३० दिन)	२०७६/०१/२७	११४ दिन	६६१	७५३५४
	जम्मा							**२२६१५४/-**

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
८५.	**आकस्मिक लाभ कर :** आयकर ऐन, २०५८ को दफा ८८(१क) मा आकस्मिक लाभ बापतको भुक्तानीमा पच्चीस प्रतिशतका दरले करकट्टी गर्नु पर्ने उल्लेख छ । संविधान दिवसको उपलक्ष्यमा मनाइएको बक्तृत्वकला प्रतियोगितामा पुरस्कार वापत रु २७,०००/- भुक्तानी गरे वापत शिक्ष शाखा प्रमुख श्री प्रम बहादुर पौडेलले सोधभर्ना लिएकोमा आकस्मिक लाभ कर २५% ले हुने रु ६,७५०/- कट्टी गरेको पाइएन । आयकर ऐनको दफा ८८(१क) बमोजिमको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको भौचर पेश हुनुपर्ने रु.	६,७५०/-
८६.	**स्वीकृत कार्यक्रम बेगर खर्च :** आर्थिक कार्यविधि नियमावलीको नियम ३५ मा स्वीकृत बजेट बाट खर्च गर्नु पर्ने व्यवस्था छ त्यसैगरी आयुर्वेद शाखाको बजेट कार्यक्रमको सि.नं. ६ मा स्थानिय स्तरमा उपलब्ध जडिबुटी खरिद गरी औषधालयमै औषधी निर्माण गर्न रु. २,००,०००/- विनियोजन भएको छ। आयुर्वेद शाखा प्रमुख श्री चन्द्र न्यौपानेले सो वापत कार्यक्रम संचालन गर्न पेश्की लिई कार्यक्रम गरेकोमा निजले सो रकम बाट रु. १,७५,६३०/- को औषधी खरिद र बाँकी रु. २४,३७०/- अन्य खर्च गरी गाउँघर क्लिनिक, नसर्ने रोग व्यवस्थापन कार्यक्रम संचालन गरेको पाइयो । यसरी स्वीकृत कार्यक्रम भन्दा अन्यत्र गरेको खर्च रु. २,००,०००/- नियम सम्मत नदेखिएको रु.	२,००,०००/-
८७.	त्यसै गरी कृषि विकास कार्यक्रमको सि. नं. ७ मा ५० प्रतिशत अनुदानमा माघ महिनामा वितरण गर्ने उन्नत आलुको बिउ ६००० कि.ग्रा.को लागी रु २,४०,०००/- विनियोजन भएको देखिन्छ । कार्यक्रम अनुसार आलुको विउ प्रति कि.ग्रा. रु ४० का दरले खरिद गरी वितरण गर्नु पर्ने देखिन्छ । कार्यलयले प्रति कि.ग्रा. रु ६४ का दरमा श्री किसान खेती सेवा पसल, काभ्रेबाट ४७५० कि.ग्रा. मात्र खरिद गरी सोको ५० प्रतिशतले हुने रु. १,५२,०००/- भुक्तानी गरी ल्याइएको विउ वडा नं ७ र ८ मा वितरण गरिएको छ । कार्यालयले किसानको ५० प्रतिशत सहभागिता समेत जम्मा १२,००० कि.ग्रा. आलु वितरण गर्नु पर्नेमा ४७५० कि.ग्रा. मात्र वितरण गरिएको कृषि शाखा प्रमुख श्री राम चन्द्र यादवको प्रतिवेदनबाट देखिन्छ । यसरी लक्ष्य भन्दा ७२५० कि.ग्रा. घटि वितरण किन गरियो सो सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश हुनु पर्ने, साथै ल्याइएको आलुको बिउ पनि कार्यक्रम भन्दा प्रति कि.ग्रा. २४ महंगो पारी ल्याइएकाले ४७५० कि.ग्रा.को हुन आउने रु.१,१४,०००/- को ५० प्रतिशत रु. ५७,०००/- कृषि शाखा प्रमुख श्री राम चन्द्र यादव लाई जिम्मेवार बनाई असुल हुनुपर्ने रु.	५७,०००/-
८८.	**अन्य निकाय भुक्तानी :** गाउँपालिकाले देहायका निकायहरुलाई यो वर्ष आर्थिक सहयोग गरेको देखियो । छुट्टै बजेट तथा कार्यक्रमबाट सचालन हुने निकायलाई यस कार्यालयबाट खर्च लेखेको मनासिब देखिएन । अतः यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ	

गो.भौ.नं. र मिति	निकाय	प्रयोजन	रकम
२३-२०७५/०६/२५	इलाका प्रहरी कार्यालय, बेलघारी	दशैमा आवश्यक पर्ने इन्धन	१५,०००/-
	प्रहरी चौकी, वाड्रिङ		१०,०००/-
	प्रहरी चौकी, चकमके		१०,०००/-
	प्रहरी चौकी तोस्रामखोला		१०,०००/-
८०-२०७५/०८/११	प्रहरी चौकी, बेलघारी	जि.प्र.का.को इन्धन सहयोग गरिदिने व्यहोराको पत्रानुसार इन्धनको बिल भुक्तानी	१५,०००/-
२०३-२०७५/११/१०	श्री लाम्पन्टार बहुमुखी क्याम्पस	शैक्षिक भ्रमण वापत	२०,०००/-
२३४-२०७५/११/२८	श्री कालिका मा.वि. लंगुर		२०,०००/-
३००-२०७६/०१/२६	श्री तीनपाटन बहुमुखी क्याम्पस		२०,०००/-
३०१-२०७६/०१/२६	श्री चन्द्रावती मा.वि., बेलघारी		२०,०००/-
जम्मा			**०/-**

दफा नं.	व्यहोरा	बेरुजू रकम रु.
८९.	**भ्रमण आदेश स्वीकृति बेगर भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(१) मा स्वीकृत भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण वा काजमा जान नपाइने व्यवस्था छ । भौ.नं. १६ मिति २०७६/३/२२ बाट देहायका पदाधिकारीलाई भ्रमण खर्च वापत रु. ४१,४५०/- भुक्तानी गरेकोमा निजहरुको स्वीकृत भ्रमण आदेश संलग्न रहेको पाइएन । यसरी स्वीकृत भ्रमण आदेश बेगर भ्रमण भत्ता भुक्तानी गरेको मनासिब देखिएन ।	

क्र.सं.	भ्रमण गर्ने पदाधिकारीको नाम	भ्रमणको मिति	भ्रमण भत्ता रकम
१.	गाउँपालिका अध्यक्ष	२०७६/३/१-२०७६/३/४	२३,८५०/-
		२०७६/३/६-२०७६/३/९	

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td></td><td>२०७६/३/१०/२०७६/३/१२</td><td></td></tr>
<tr><td></td><td></td><td>२०७६/३/१५-२०७६/३/१७</td><td></td></tr>
<tr><td rowspan="4">२.</td><td rowspan="4">गाउँपालिका उपाध्यक्ष</td><td>२०७६/३/१-२०७६/३/४</td><td rowspan="4">१७,६००/-</td></tr>
<tr><td>२०७६/३/६-२०७६/३/९</td></tr>
<tr><td>२०७६/३/१०-२०७६/३/११</td></tr>
<tr><td>२०७६/३/१५-२०७६/३/१८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>०/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९०.</td><td>अनुगमन प्रतिवेदन : गाउँपालिका शिक्षा समितिको बैठकको निर्णय अनुसार न्यून विद्यार्थी भएका विद्यालयहरुको अनुगमन निरीक्षण गरे वापत गा.पा. अध्यक्ष लगायत १४ जनालाई २ दिनको रु.१,०००/- का दरले जम्मा रु.२८,०००/- भुक्तानी भएको छ । अनुगमन भए नभएको साथै कुन कामको अनुगमन भएको हो सो खुल्ने अनुगमन प्रतिवेदन संलग्न रहेको देखिएन । अनुगमन भत्ता भुक्तानी लिएको कार्यको अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९१.</td><td>धरौटी : प्रयोजन समाप्त भएको धरौटी फिर्ता गर्दा मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्दछ । कार्यालयले भौ.नं. १४/२०७६/२/३१ बाट मोटरसाइकल खरिद सम्बन्धी क्षितिज इन्टरप्राइजेजको आ.व. २०७४/७५ को धरौटी रु.१,३४,५००/- धरौटी फिर्तागर्दा कार्यालयले मुल्यअभिवृद्धि कर समायोजन गरेको प्रमाण संलग्न गरेको छैन । उक्त निर्माण व्यवसायीको मुल्य अभिवृद्धि कर समायोजन पत्र पेश हुनुपर्ने रु.</td><td>१,३४,५००/-</td></tr>
<tr><td>९२.</td><td>पेश्की बाँकी – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । देहायका व्यक्ति/संस्था/समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको देखिएन । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको पेश्की फछ्र्यौट हुनुपर्ने रु.
<table>
<tr><th>बजेट शिर्षक</th><th>पेश्की मिति</th><th>पेश्की लिनेको नाम थर</th><th>प्रयोजन</th><th>पेश्की रु.</th></tr>
<tr><td rowspan="3">सामाजिक सुरक्षा तर्फ</td><td>२०७६/३/६</td><td>विष्णु प्रसाद काफ्ले</td><td>सामाजिक सुरक्षा भत्ता</td><td>८००.००</td></tr>
<tr><td>२०७६/३/६</td><td>माधव प्रसाद काफ्ले</td><td></td><td>८०००.००</td></tr>
<tr><td>२०७६/३/२१</td><td>रविन कुमार सुवेदी</td><td></td><td>८०००.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६८००/-</td></tr>
</table>
</td><td>१६,८००/-</td></tr>
<tr><td>९३.</td><td>सम्परीक्षण एवं वेरुजु लगत : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण हुंदा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिन भित्र सम्वन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत वर्षसम्मको बेरुजु रु.३,१३,१३,३४०/७९ बाँकी रहेको देखिन्छ । गत विगत वर्षको बेरुजु संपरीक्षण गरी बेरुजु शुन्य बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
</table>

अनुसूची- १

तीनपाटन गाउँपालिका सिन्धुलीको सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

क. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	तीनपाटन गाउँपालिका	सिन्धुली	३३५६७	१२८०१०	२६१४८६	१९७३८०	५८६८७६	२९९१४४	१९३७०१	८३०७९	५७५९२४	४४५१९

अनुसूची-२

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

सि.न	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	सिन्धुली	तीनपाटन गाउँपालिका	६४	६२	२०३०६	०	४	३२८१	६४	५८	१७०२५	४३२७	२८४९	९८३३	०	०	१२६८२	०	१६	१६

अनुसूची- ३

अद्यावधिक वेरुजू स्थिति
२०७५।७६

(रु.हजारमा)

क. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाँकी वेरुजू
१	तीनपाटन गाउँपालिका	सिन्धुली	३१३१३	०	११३१३	०	१७०२५	**!१० क्षङ्क ल्प्ट क्षल त्ब्द्रभि**